का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १७, अंक २९८
- ३ माघ २०७६, शुक्रबार
- 17 January 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

### १०० वर्ष पछि

# हिउँ बिनाको सगरमाथा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ माघ




एक अमेरिकी जासुस सेटलाइटको फोटोहरुका आधारमा आगामी एक सय वर्षभित्र सगरमाथामा हिउँ नहुने रिपोर्ट सार्वजनिक भएको छ । लाइभ साइन्समा प्रकाशित उक्त रिपोर्ट अनुसार सगरमाथाको हिउँ तीब्र गतीमा पग्लिन लागेको छ ।

बेलायतको सेन्ट आन्द्रेज युनिभर्सिटीमा जियोग्राफी र रिमोट सेन्सिङका प्राध्यापक टोबियास बोल्सले सेटलाइटको तस्बिरहरुको अध्ययन गरी रिपोर्ट सार्वजनिक गरेका हुन् । जुन अध्ययनबाट रोङबुक र खुम्बुक तथा इमाजा हिमनदीमा जमेको हिउँ निकै तीव्ररुपमा पग्लिरहेको पाइएको छ । बोल्सले उक्त अध्ययनपछि आफूहरु पछिल्लो ६० वर्षमा सगरमाथाको सबै क्षेत्रमा औसत ८ इन्च हिउँ पग्लिरहेको छ ।

रिपोर्टका अनुसार यदि यही गतिमा पग्लिरहने हो भने आगामी १ सय वर्षमा सगरमाथा हिउँरहित देखिने छ । सगरमाथाबाट हिउँ पग्लिएर सकिँदा खाली हिउँरहित सगरमाथा मात्र रहनेछैन । त्यसबाट लाखौं मानिसलाई खानेपानीको अभाव हुनेछ । सगरमाथाबाट हिउँ पग्लिएर सकिएसँगै नेपाल र चीनको तिब्बतमा ठूलो क्षति हुन सक्ने देखिन्छ । अध्ययनकर्ताहरुका अनुसार सबैभन्दा ठूलो क्षति सगरमाथा आरोहणमा जानेहरुलाई हुनेछ, यो क्रम केही वर्षमै सुरु हुन सक्छ । चट्टानी अवस्थामा रहेको हिउँ पग्लँदा आरोहीहरु दुर्घटनामा पर्ने धेरै जोखिम हुनेछ ।

अनुसन्धानकर्ता टोबियास बोल्सले सन् १९७० सम्म सगरमाथाबाट निकै कम मात्रामा हिउँ पग्लिएको बताए। तर सन् १९८० पछि यहाँको हिउँ पग्लिने गति निकै बढ्यो ।

बोल्सका अनुसार ग्लोबल वार्मिङका कारण यस्तो अवस्था आएको हो। अर्कोतर्फ सगरमाथामा हरेक वर्ष बढिरहेका आरोहीका कारण पनि ठूलो क्षति भइरहेको छ । सगरमाथामा जम्मा भएको फोहोरले पनि हिउँ पगाल्न सहयोग गरिरहेको छ ।

**यसरी भयो अनुसन्धान**

अमेरिकाको एउटा जासुसी उपग्रहले दशकौंदेखि लिएका तस्बिर हरुका आधारमा यो विश्लेषण गरिएको हो । यो उपग्रहले सन् १९६२ देखि २०१८ सम्म सगरमाथा क्षेत्रका करिब ८ लाख बढी तस्बिर खिचेको छ । तिनै तस्बिरहरुको अध्ययनबाट बाँकी पृष्ठ २ मा

## ओली–प्रचण्डबीच बल्ल बोलचाल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ माघ



सभामुख चयनका विषयमा विवाद हुँदा बोलचालसमेत बन्द भएको नेकपा अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच छलफल भएको छ । पाँच दिन लामो बोलचाल बन्दपछि ओली र प्रचण्डबीच विहीबार भेटवार्ता भएको हो । आइतबारदेखि भेटवार्ता नगरेका प्रधानमन्त्री ओली र प्रचण्डले बालुवाटारमा समसामयिक विषयमा करिब साढे दुई घण्टा छलफल गरेको नेकपाका महासचिव विष्णु पौडेलले जानकारी दिएका छन् ।

पौडेलका अनुसार भेटमा सभामुख चयन, विकास र सहयोगसम्बन्धी अमेरिकी नियोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी)को विषयमा छलफल भएको हो । बिहीबार बिहान साढे ११ बजे बालुवाटार पुगेका प्रचण्ड दिउँसो २ बजे मात्र बाहिरिएका थिए । ओली र प्रचण्ड भेट हुनुअघि बालुवाटार र खुमलटारमा प्रधानमन्त्री र कार्यकारी अध्यक्षले आफू निकट नेतासँग छलफल गरेको पौडेलले जनाए ।

प्रचण्डसँग भेट गर्नुअघि बालुवाटारमा प्रधानमन्त्री ओलीले उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल, नेकपा महासचिव विष्णु पौडेल, नेता सुवास नेम्वाङलगायतसँग छलफल गरेका थिए । प्रचण्ड निवास खुमलटारको छलफलमा गृहमन्त्री रामबहादुर थापा 'बादल', जनार्दन शर्मा, अग्नि सापकोटालगायतका नेता सहभागी रहेको नेता शर्माले जनाए । संसद्मा झन्डै दुई तिहाइ मतका साथ बलियो उपस्थिति रहेको नेकपाले सभामुख उम्मेदवार चयन गर्न नसक्दा संसद् एक महिना बन्धक बनिसकेको छ । डा. उपसभामुख शिवमाया तुम्बाहाङफेको राजीनामाको विवादले दुई अध्यक्षबीचको असमझदारी बढाउको अनुमान गरिएको छ । तुम्बाहाङफेले राजीनामा नदिँदा पुस ४ गतेबाट सुरु भएको हिउँदे अधिवेशन बिजनेसबिहीन बनेको छ । यसअघि पुस ११, १६ र २७ गते गरेर तीन पटक प्रतिनिधिसभाको बैठक स्थिगत भइसकेको छ ।

## 'प्रधानमन्त्रीले खल्तीमा गोली राख्नु हुन्न'

**काठमाडौं/मस-** सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता भिम रावललाई ज्यान मार्ने धम्कीका विषयमा सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाले प्रष्टिकरण दिएका छन् । बाँस्कोटाले नेता रावललाई बालुवाटारमा ज्यान मार्ने धम्की दिएको कुरा गलत भएको दाबी गरेका छन् । बिहीबार मन्त्रालयमा आयोजना भएको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता बाँस्कोटाले प्रधानमन्त्री केपी शर्मा ओलीले कसैलाई मार्न खल्तीमा गोलीको माला लिएर नहिडेको बताएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले बहस गर्न रुचाउने कुरा कसैले मन पर्नु नपर्नु छुट्टै कुरा भएपनि ज्यानमार्ने धम्कीको कुनै सत्यता नभएको दाबी गर्दै बास्कोटोले भने, 'प्रधानमन्त्री त्यस्तो खालको हुनुहुन्छ र ? कसैको ज्यान नै लिने । प्रधानमन्त्री बहस गर्न रुचाउनुहुन्छ । त्यो मन पर्न सक्छ । मन नपर्न सक्छ । टिप्पणी हुन सक्छ । आलोचना हुन सक्छ । विरोध हुन सक्छ । कार्टुन बन्न सक्छ अथवा नेताहरुको पनि भाषणको विषय बन्न सक्छ । तर ज्यान मार्ने धम्कीको कुनै सत्यता छँदा पनि छैन् हुँदा पनि होइन् । र, रावल जीले नै सत्य बताउनु पर्छ की यस्तो नम्बरबाट फोन आयो वा यस्तो गरियो भनेर । त्यसलाई कारवाही हुन्छ । बाँकी पृष्ठ २ मा

## आफ्नै खाल्डोमा फसे प्रसाईं

**काठमाडौं/मस-** विवादास्पद मेडिकल कलेज सञ्चालक दुर्गा प्रसाईं अरुको लागि खनेको खाल्डोमा आफै फसेका छन् । चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. श्रीकृष्ण गिरीविरुद्ध २० करोड रूपैयाँ घुस मागेको आरोप लगाएर चर्चामा आएका प्रसाईं अन्ततः त्यही खाल्डो आफै फस्ने देखिएका हुन् । उनीविरुद्ध प्रहरीमा मानहानीको उजुरी परेको छ । उजुरीसँगै उनलाई पक्राउ गर्न आदेश दिइएको छ ।

प्रसाईंले२३ पुसमा काठमाडौंमा पत्रकार सम्मेलन गरेर १५ मंसिरमा द्वारिकाज होटलमा उपाध्यक्ष गिरीले २० करोड रूपैयाँ घुस मागेको आरोप लगाएका थिए । उनले शिक्षामन्त्री गिरीराजमणि पोखरेल र नेकपा प्रवक्ता नारायणकाजी श्रेष्ठलाई समेत रकम दिनुपर्ने भन्दै डा. गिरीले २० करोड घुस मागेको तर, आफूले एक/डेढ करोडसम्म भए विचार गर्न सकिने भनेको बताएका थिए । बाँकी पृष्ठ २ मा

### ४१ म्यानपावरको सम्पत्ति छानविन प्रकरण

# निशपक्ष छानविन गर्न संघको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सम्पति शुद्धिकरण विभागसँग म्यानपावर कम्पनीका सञ्चालकको सम्पत्ति छानविन प्रक्रियालाई निष्पक्ष र पारदर्शी बनाउन माग गरेको छ । सम्पत्ति शुद्धिकरण विभागले सम्पत्ति छानविन गरिरहेको भनि नाम सार्वजनिक भएका म्यानपावर कम्पनीका सञ्चालकहरुसँग संघले बिहीबार संघको कार्यालयमा छलफल गरी उक्त आग्रह गरेको हो ।

मंगलबार एक अनलाइन पोर्टलमा ४१ म्यानपावर कम्पनीका सञ्चालकको सम्पति सम्बन्धमा छानविन गर्न विभागले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलाई जिम्मा दिएको सार्वजनिक भएको थियो ।

संघका महासचिव सुजित श्रेष्ठले उल्लेखित म्यानपावर कम्पनीमध्ये अत्यन्तै थोरै म्यानपावर कम्पनीहरुले मात्र उल्लेख्य संख्यामा कामदार रोजगारीका लागि पठाएका भएपनि धेरैले वार्षिक १ देखि २ सयसम्म पठाएका र भर्ना प्रक्रिया स्वच्छ र पारदर्शी हुनुपर्छ भनी अभियान चलाउने व्यवसायी रहेकाले आश्चर्यमा परेको बताए । वर्षभरी कामदार पठाएका म्यानपावर बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## आफैं डिमाण्ड अपलोड गर्न विभागको आग्रह

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले कुवेत, यूएई र कतारबाट पुस १५ गतेसम्म प्रमाणीकरण भई आएका मागपत्र आफैंले प्रमाणीकरण गरी विभागको सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) मा राख्न आग्रह गरेको छ । विभागले गत जनवरी १ तारिखबाट सूचना व्यवस्थापन प्रणाली (एफइआइएमएस) मार्फत आएका मागपत्रमा मात्र पूर्व स्वीकृति दिने बताएपनि नेपाली नियोगबाट विभागको एटेस्टेशन मोड्युलमा डिमाण्ड अपलोड नभएपछि व्यवसायीहरुलाई नै डिजिटल हस्ताक्षर गरेर अपलोड गर्न आग्रह गरेको हो ।

विभागले बधुबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई पत्र पठाउँदै सबै म्यानपावर कम्पनीहरुलाई जानकारी दिन आग्रह गरेको छ । त्यसअघि विभागले बिहीबार विभागका महानिर्देशक डा. भीष्मकुमार भूसालसँग यस विषयमा छलफल गरेको थियो । बाँकी पृष्ठ २ मा

**तु-आवश्यकता**

Documentation officer-2 M/F
Marketing Officer - 3 M/F

कोड इन्टरनेशनल सर्भिसेज प्रा. लि.
Email: admin@codehrnepal.com | Url www.codenepal.com.np

**अपिल**

वैदेशिक रोजगार व्यवसाय गर्ने ईजाजतपत्र प्राप्त ४१ वटा संस्था (कम्पनी)हरु उपर सम्पति सुद्धिकरण सम्बन्धमा नेपाल प्रहरीको केन्द्रिय अनुसन्धान ब्यूरो (सि.आई.बि.) मार्फत सम्पती सुद्धिकरण अनुसन्धान विभागले अकुत सम्पति आर्जन र सम्पति सुद्धिकरण सम्बन्धमा अनुसन्धान भई रहेको भन्ने विषयमा अनलाईनमा प्रकाशित समाचार प्रति यस संघको ध्यानाकर्षण भएको छ ।
गैर कानूनी क्रियाकलाप र अपराधीक कर्म गरी सम्पती आर्जन गर्ने व्यक्ति, कम्पनी, संस्था उपर कानून बमोजिम हुने/गरिने अनुसन्धान र कारवाहीको सम्बन्धमा यस संघ सदैव स्वागत गर्दै गैर कानूनी अपराधिक कर्म गर्नेहरु विरुद्ध हुने/गरिने अनुसन्धान र कारवाहीबाट अपराधिक गैर कानूनी कार्य गर्ने संस्था, कम्पनी निरुत्साहीत भई कानूनी र सभ्य समाज, सभ्य राष्ट्र निर्माण भई अपराधी निरुत्साहीत हुने संघको विश्वास रहेको सबैमा अवगत गराईन्छ । तर सम्पति सुद्धिकरणको नाममा सम्पती आर्जन नै नगरेका, सामान्य रुपमा व्यवसाय सञ्चालन गरी मुस्कीलले व्यवसाय सञ्चालन गरी समान्य स्तरको जिवनयापन गरी रहेका, व्यवसाय सञ्चालन गर्न चाहिने सामान्य पुँजी (रकम) समेत बैंक, फाईनान्स कम्पनी, सहकारी र व्यक्तिगत रुपमा ऋण लिएका सामान्य व्यवसायीहरु उपर समेत सम्पती सुद्धिकरणको विषयमा अनुसन्धान भई रहेको भन्ने जानकारी प्राप्त हुन आएकोले यस विषयमा निष्पक्ष, पारदर्शी रुपमा अनुसन्धान गरी निर्दोष तथा अपराधिक कर्मबाट अकुत सम्पती नकमाएका वैदेशिक रोजगार व्यवसायीहरुलाई निराधार आरोप/अभियोगबाट सफाई दिनकालागि सम्बन्धित निकाय समक्ष माग गरिन्छ ।
**पुनश्च : गैर कानूनी कर्म गरी सम्पती आर्जन नगरेका ईजाजतपत्र प्राप्त व्यवसायीहरूलाई यस्ता निराधार समाचारको आधारमा हतोत्साहित नहुन अनुरोध गर्दै यस विषयमा हुने अनुसन्धानमा सहयोग गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तयार रहेको व्यहोरा अवगत गराइन्छ ।**

सुजित कुमार श्रेष्ठ
महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

**UAE को बहुप्रतिष्ठित कम्पनीमा भित्रि कामको लागि क्लिनरहरुलाई वैदेशिक रोजगारको अवसर**

Company : OFM SERVICES , DUBAI

पूर्व स्वीकृत मिति: २०७६/०९/०५ | चलानी नं.: ६०१४२९६५ | LT. No.: 223463

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Male | 40 | 0 | साक्षर | 800 | २४,६१५ | कम्पनी अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी अनुसार | छ |
| 2. | Cleaner Female | 0 | 30 | साक्षर | 900 | २७,६९५ | कम्पनी अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी अनुसार | छ |

सामान्य अंग्रेजी/हिन्दी बोलचाल गर्न सक्ने भई उमेर १९ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ ५ र ६ गते हुनेछ ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 01- 4387207, 01- 4382553, E-mail : pro@anjalioverseas.com.np

**UAE को प्रतिष्ठित कम्पनीमा महिला तथा पुरुषलाई क्लिनर तथा स्काफोल्डरमा रोजगारको अवसर**

1. Company : MBM CLEANING SERVICE City : DUBAI

पूर्व स्वीकृत मिति: २०७६/०७/०८ | चलानी नं.: ६०१४२२२२ | LT. No.: 225961

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | क्लिनर | 350 | 200 | [illegible] | 800 | २४,६१५ | कम्पनी अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी अनुसार | छ |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट प्रधान कार्यालय काठमाडौंमा माघ ९ र ११ (23 & 25 Jan. 2020) मा अञ्जली टेक्निकल ट्रेनिङ्ग सेन्टर, बिर्तामोड झापामा माघ १० गते (26 Jan. 2020) मा हुनेछ ।

2. Company : EMIRATES LINK MALTAURO CO LLC City : UAE

पूर्व स्वीकृत मिति: २०७६/०७/२७ | चलानी नं.: ६०१४६३८५ | LT. No.: 227051

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | स्काफोल्डर | 60 | 0 | साक्षर | 1200 | ३६,९२५ | कम्पनी अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी अनुसार | छ | छ |
| 2. | फोर्मिफेटर | 20 | 0 | साक्षर | 1300 | ४०,००० | कम्पनी अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी अनुसार | छ | छ |
| 3. | जनरल लेबर हेल्पर | 55 | 0 | साक्षर | 900 | २७,६९५ | कम्पनी अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी अनुसार | छ | छ |

गल्फ रिटर्न, नेपालमा काम गरेका, ट्रेनिङ गरेका सबैले अन्तर्वार्ता दिन सकिनेछ ।

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट प्रधान कार्यालय काठमाडौंमा माघ १० र ११ गते (26 & 27 Jan. 2020) मा हुनेछ ।

पास इन्टरनेशनल प्रा. लि.
पास हाउस, सामाखुसी, काठमाडौं

# पुनर्निर्माण कार्य सरकारको प्राथमिकतामा : गृहमन्त्री थापा

**काठमाडौं/मस-** गृहमन्त्री रामबहादुर थापाले नागरिक सचेतना र विपद् व्यवस्थापन गर्ने कानूनी प्रबन्धबाट सम्भावित क्षति कम गराउन सकिने बताएका छन् । विसं १९९० माघ २ गते र त्यसपछिको भूकम्पमा परी दिवंगतको स्मृतिमा कामपाले बिहीबार काठमाडौंमा आयोजना गरेको स्मृतिसभामा गृहमन्त्री थापाले सो कुरा बताएका हुन् ।

'कहिलेकाहीँ अप्रत्याशित जोखिम व्यहोर्नुपर्ने अवस्थाबाट बाँच्न र बचाउने उपाय भनेकै सुरक्षित भवन र यसप्रतिको साझा प्रतिबद्धता हो,' गृहमन्त्री थापाले भने । मन्त्री थापाले २०७२ सालको भूकम्पबाट क्षति भएको भौतिक संरचनाको पुनर्निर्माणलाई सरकारले प्राथमिकता दिएको पनि स्पष्ट पारे ।



सभामा काठमाडौं महानगरका प्रमुख विद्यासुन्दर शाक्यले विपत्बाट हुने क्षति कम गर्न र सचेतना बढाउन तथा विपत्ति आइपर्ने क्षति कम गराउने महानगरले वडास्तरीय विपद् क्षति व्यवस्थापन तथा नागरिक सुरक्षा समिति गठन गरेको जानकारी दिए ।

भवन निर्माण संहिताको कार्यान्वयनलाई कडाइ गरेको भन्दै शाक्यले कामपाभित्र निर्माण हुने सरकारी वा निजी जुनसुकै प्रकारका भवन पनि नक्सा स्वीकृत नगराई निर्माण गर्न गराउन नपाउने व्यवस्थालाई कडाइ गरिएको जानकारी दिए । कामपा विपद् व्यवस्थापन समितिका संयोजक नीलकाजी शाक्यले वडातहमा गठन गरिएका विपद् व्यवस्थापन तथा नागरिक सुरक्षा समितिमार्फत नागरिकलाई सुरक्षित महसुस गराउने कामले तीव्रता पाइरहेको बताए ।

विसं १९९० माघ २ गतेको विनाशकारी भूकम्पले पुऱ्याएको क्षति सम्झना गर्दै अबका पुस्ताले यस प्रकारको क्षति व्यहोर्नु नपरोस् भनेर सजग गराइ राख्न यो दिवस मनाउने गरिएको हो । विनाशकारी भूकम्पले सिकाएको पाठबाट सुरक्षित बस्ती निर्माणमा पुस्तालाई सहभागी गराउने उद्देश्य राखेर २०५५ सालदेखि हरेक वर्ष माघ २ गते भूकम्प सुरक्षा दिवस मनाउन थालिएको हो । यो २२औं दिवस हो । यस वर्षको नारा 'भूकम्पबाट सुरक्षित पूर्वाधार, दिगो सुरक्षा र समृद्धिको आधार' रहेको छ ।

कार्यक्रममा सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, महानगरका वडाध्यक्ष, कार्यपालिका सदस्य तथा जनप्रतिनिधि र विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति थियो ।

# गगनको असन्तुष्टी

**काठमाडौं/मस-** सांसद गगन थापाले विश्वविद्यालयका पदाधिकारी ५१ प्रतिशतले हटाउने प्रावधानले विश्वविद्यालयको स्वायत्ततामथि प्रहार गर्ने बताएका छन् । संसदको शिक्षा तथा स्वास्थ्य समितिमा केही नेपाल ऐनहरुमाथि संशोधन गर्न चलेको छलफलमा सांसद थापाले सो कुरा बताएका हुन् । नियुक्त भएका पदाधिकारीलाई सरकार वा मन्त्रालयले दिएको कुनै निर्देशनको पालना नभएको अवस्थमा सरकारले चाहेको बेला हटाउन सक्ने प्रावधानले विश्वविद्यालयको स्वायत्ततामाथि प्रहार गर्ने थापाको भनाइ छ ।

सांसद थापाले २ तिहाईले मात्रै हटाउन सक्ने संशोधन सहित पारित गराउनुपर्ने बताएका थिए । उनले सरकारले चाहेको बेलामा हटाउन सक्ने आधार निर्माण गर्नु गलत भएको बताए । समितिले गरेको निर्णय नमान्ने भन्ने नहुने तर यो कुरा गलत भएको उनको भनाइ छ ।

बिहीबार समितिले विश्व विद्यालयको पदाधिकारी हटाउन ५१ प्रतितश हुनुपर्ने प्रावधान राख्दै नेपाल ऐन पारित गरेको छ । समितिमा छलफलका क्रममा दुईतिहाईले मात्रै हटाउन सक्ने प्रावधान राख्न सुझाव आएपनि विश्वविद्यालय र उच्च शिक्षाको छाता ऐन आउने क्रममा भएका कारण तत्काललाई ५१ प्रतिशतले नै हटाउन सक्ने प्रावधान राखिएको समिति सभापति जयपुरी घर्तिले बताइन् ।

सांसदहरुको मुख्य विवाद रहेको यो विषयमा सहमति जुटाउन समितिले सांसद र मन्त्रालयका कर्मचारी सहितको अनौपचारिक टिम गठन गरेको थियो । उक्त टिमले राष्ट्रियसभाको सहमतिलाई निरन्तरता दिएको हो । पास भएको प्रावधानअनुसार, उपकुलपति, शिक्षाध्यक्ष, कुलसचिव र सेवा आयोगको अध्यक्षले आफ्नो पद अनुरुपको जिम्मेवारी पूरा नगरेको, इमानदारीपूर्वक काम नगरेको वा निजले पद अनुकूलको आचरण नगरेको भनी सभामा तत्काल कायम रहेका एकतिहाइ सदस्यले निजलाई पदबाट हटाउन कुलपतिसमक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाकै कुनै सदस्यको अध्यक्षतामा तीन सदस्यीय छानबिन समिति गठन गर्ने व्यवस्था पारित प्रतिवेदनमा भनिएको छ ।

समितिले पास गरेको प्रतिवेदनमा न्युनतम कक्षा ६ देखि १० सम्म सामुदायिक विद्यालयमा पढेकाले मात्रै उच्च शिक्षामा छात्रवृत्ति पाउने व्यवस्था गरिएको छ । बैठकमा शिक्षामन्त्री गिरिराजमणी पोखरेलले शिक्षा क्षेत्रमा अनुदान तथा प्रभावकारीताको अनुगमनमा सरकारले बिशेष ध्यान दिने बताए । पारित विधेयकमा दलित, अपाङ्गता भएका व्यक्ति तथा आर्थिकरूपमा विपन्नलाई हरेक तहमा एकपटक छात्रवृत्ति दिने व्यवस्था गरिएको समितिले जनाएको छ भने उच्च शिक्षामा मातृभाषामा पढ्न पाउने व्यवस्था पनि विधेयकमा उल्लेख छ ।

# मलेसियाको ग्लोबस् कम्पनी टाट पल्टियो

**काठमाडौं/मस-** कम्पनी टाट पल्टिएपछि मलेसियाको ग्लोब्स् उत्पादन कम्पनी डब्लूआरपी एसिया प्यासिफिक एसडीएन बीएचडीमा कार्यरत १ हजार ४ सय आप्रवासी कामदारले रोजगारी गुमाएका छन् । त्यसमा नेपाली कामदारको संख्या ६ सयबढी रहेको नेपाली दूतावासले जनाएको छ । उक्त कम्पनीमा दश वर्ष अघिदेखि काम गरेका नेपाली कामदारहरुले पनि रोजगारी गुमाउनु परको बताइएको छ । मलेसियाका लागि नेपाली राजदूत उदयराज पाण्डेले त्यसमध्ये ४३ नेपाली कामदार घर फर्किने प्रक्रियामा रहेको जानकारी दिएका छन् । उनीहरु तीन वर्षे करार अवधि पुगेका कामदारहरु हुन् ।

कामदारलाई तलव नदिई शोषण गरेको भन्दै अमेरिकी भन्सार तथा सीमा सुरक्षा विभाग (सीबीपी) ले सेप्टेम्बर ३० मा उक्त कम्पनीका पञ्जा अर्थात् ग्लोब्स् प्रतिबन्ध लगाएपछि कम्पनी धराशायी भएको हो । मलेसिया सरकार र कम्पनीले श्रम शोषणको खण्डन गरेका भएपनि अमेरिकाले आयात प्रतिबन्ध यथावत राखेको छ ।

कर्मचारी हडतालमा उत्रिएपछि यसै महिनाको शुरुदेखि उत्पादन गर्न बन्द गरिसकेका छ । कर्मचारी हालपनि आन्दोलनमा रहेको बताइएको छ ।

# निवर्तमान अध्यक्ष गुरुङलाई पितृशोक



**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष रोहन गुरुङलाई पितृ शोक परेको छ । राजधानीको बसुन्धरास्थित टप जब्स प्रा.लि.का सञ्चालक समेत रहेका गुरुङका ८३ वर्षीय पिता रामफल गुरुङको बिहीबार साँझ पोखरामा निधन भएको हो । स्वर्गीय गुरुङका श्रीमती, ४ छोरी र ३ छोरा छन् ।

# प्रदेश २ मा छोरी शिक्षा बीमा शुरु

**सिरहा/मस-** प्रदेश २ सरकारले सञ्चालन गरेको 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान अन्तर्गत प्रदेश २ को आठ वटै जिल्लामा बिहीबारदेखि छोरी शिक्षा बीमा सप्ताह शुरु भएको छ । २०७५ साल माघ २ गतेपछि जन्मिएका सबै छोरीहरुको बीमा गर्न बुधबार एकैसाथ प्रदेश २ को आठ वटै जिल्लामा अभियानको शुरु भएको प्रदेश २ सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र कुमार यादवले जानकारी दिए ।

सिरहाको कल्याणपुर नगरपालिकास्थित रेडक्रस भवनमा शुरु भएको सप्ताहको प्रदेश २ का आर्थिक मामिलामन्त्री बिजय कुमार यादवले उद्घाटन गरेका हुन् । छोरा र छोरीबीच हुने बिभेदलाई अन्त्य गर्दै छोरीहरुको शिक्षामा पहुँच पुऱ्याउने उद्देश्यले अभियान शुरुवात गरिएको मन्त्री यादवले बताए । बीमा सप्ताह शिविरमा गत वर्ष माघ २ गतेपछि प्रदेश २ मा जन्मिएका सबै छोरीहरुको सबै कागजाती पूरा गरी शिविरमै बीमा गरिने जनाइएको छ ।

प्रदेश २ सरकारले २०७५ सालदेखि नै छोरी शिक्षा बीमा शुरु गरेपनि कर्मचारी आभावमा प्रभावकारी हुन नसकेपछि प्रदेशभरीका सबै स्थानीय तहहरुसँग समन्वय गरी स्थानीय तहहरुमा छोरी बीमा सप्ताह शुरु गरिएको हो ।

सप्तरीको बोदेबर्साइनस्थित चन्द्र माध्यमिक विद्यालय, पर्साको वीरगञ्जस्थित त्रियुद्ध माध्यमिक विद्यालय, बाराको सिद्धेश्वर मावि (कलैया), रौतहटको बाल मन्दिर (गौर), सर्लाहीको इश्वरपुर नगरपालिकाको कार्यालय, महोत्तरीको ल.च.मु. माध्यमिक विद्यालय (जलेश्वर) र धनुषाको लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालयमा एक साथ बिहीबार नै छोरी शिक्षा बीमा सप्ताह शुरु भएको मन्त्री यादवले बताए ।

यो अभियान अन्तर्गत एक महिनासम्म गाँउपालिकामा १ दिन, नगरपालिकामा २ दिन, उपमहानगरपालिकामा ३ दिन र महानगरपालिकामा ४ दिन शिविर सञ्चालन हुने मन्त्री यादवको भनाइ छ ।

## १०० वर्ष ...

अनुसन्धानकर्ताहरुले सगरमाथा क्षेत्रमा तीव्र गतिमा हिउँ पग्लिरहेको बताएका छन् । सन् १९५० को दशकमा अमेरिकी जासुसी अधिकारीहरुले तत्कालीन सोभियत यूनियनमाथि अनुगमन गर्न एउटा गोप्य उपग्रह प्रक्षेपण गरेका थिए। उसको नाम कोरोना थियो ।

कोरोना उपग्रहले सन् १९७२ सम्म काम गर्न सक्यो । यो क्रममा अमेरिकी जासुसी संस्था सीआईए, अमेरिकी वायुसेना र केही निजी कम्पनीहरु मिलेर पूर्वी युरोप र एसियाका तस्बिरहरु लिए । १९९५ सम्म यो निक्कै गोप्य मिसन थियो । तर त्यसपछि त्यसरी लिइएका तस्बिरहरु जारी गर्न थालियो । तस्बिरहरु सार्वजनिक भएसँगै कोरोना र त्यसपछि पठाइएको उपग्रहले सगरमाथाका लाखौं तस्बिर लिएको थाहा भयो ।

## आफैं ...

विभागले विभागको सूचना प्रणालीबाट श्रम स्वीकृति दिन शुरु गरेको भएपनि विदेशस्थित नेपाली नियोगहरुले जनशक्तिको अभाव देखाएर ढिलासुस्ती गरेका छन् ।

## आफ्नै ...

झापाको विर्तामोडमा सञ्चालित बी एण्ड सी अस्पताललाई मेडिकल कलेज बनाउने प्रयासमा लागेका प्रसाईंले त्यही क्रममा चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. गिरीलाई भेटेको र उनले घुस मागेको आरोप लगाएका थिए । समाचार सार्वजनिक भएलगत्तै आयोग उपाध्यक्ष डा. गिरीले आफूलाई निराधार, कपोकल्पित आरोप लगाएको भन्दै विज्ञप्ति निकाले । आरोपको पुष्ट्याईं गर्न चुनौती दिदै डा. गिरी कानूनी उपचारको बाटोमा लागे ।

अहिले प्रसाईंविरुद्ध काठमाडौं जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालय भक्तपुरमा दुई छुट्टाछुट्टै मुद्दा चलिरहेको छ । आयोग उपाध्यक्ष डा.गिरीले प्रसाईंविरुद्ध दुई निकायमा उजुरी दिएका हुन् । शान्ति-सुरक्षा माग्दै तथा अभद्र व्यवहारमा भक्तपुर प्रशासनमा उजुरी दिएका डा. गिरीले काठमाडौं जिल्ला अदालतमा गाली बेइज्जतिको मुद्दा दायर गरेका हुन् ।

आयोग उपाध्यक्ष डा. गिरीको उजुरीपछि जिल्ला प्रशासन कार्यालय भक्तपुरले प्रसाईंलाई पक्राउ गर्न प्रहरीलाई अनुमति दिइसकेको छ । जिल्ला प्रशासन कार्यालय भक्तपुरका सहायक प्रमुख जिल्ला अधिकारी दिलिपप्रसाद लामिछानेले प्रसाईंविरुद्ध पक्राउ पूर्जी जारी गर्ने अनुमति दिएको बताए ।

प्रशासनको अनुमितपछि प्रहरी प्रक्राउ पूर्जी लिएर प्रसाईंको घर पुगेको थियो तर, उनी भेटिएनन् । प्रहरी प्रसाईंको झापास्थित घरमा पनि पुग्यो । त्यहाँ पनि उनी नभेटिएको प्रहरीले जनाएको छ । महानगरीय प्रहरी परिसर भक्तपुरका प्रमुख एसपी सबिन प्रधानले डा. गिरीको उजुरीपछि अनुसन्धान शुरू भएको बताए । यता, काठमाडौं जिल्ला अदालतले प्रसाईंलाई लिखित जवाफसहित २१ दिनभित्र उपस्थित हुन भनेको छ ।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. गिरीले दायर गरेको मानहानीको मुद्दामा प्रसाईंलाई लिखित जवाफसहित उपस्थित हुन म्याद तामेल गरिएको अदालतका श्रेस्तेदार आनन्दप्रसाद श्रेष्ठले जानकारी दिए । उनी तत्कालीन नेकपा एमाले र माओवादी केन्द्रबीच एकता प्रक्रिया चलिरहेका बेला दुबै पार्टीका अध्यक्षलाई भक्तपुर स्थित आफ्नै घरमा बोलाएर मार्सी चामलको भात खुवाएर चर्चामा आएका थिए । झापास्थित उनको अस्पताल बी एण्ड सीले मेडिकल कलेज सञ्चालनको अनुमति पाएको छैन ।

## प्रधानमन्त्रीले...

किनकी विचार व्यक्त गर्ने कुरामा वा कुनै पनि कुरामा सहमति असहमति जनाएकै आधारमा कसैमाथि ज्यानको धम्की दिन मिल्दैन ।'

मन्त्री बाँस्कोटाले रावलको सुरक्षाका लागि सरकारले सुरक्षाकर्मी खटाएको स्मरण गर्दै साथमा पछुवा सुरक्षाकर्मी भएकाले उनीमाथि कुनै सुरक्षाको खतरा नभएको बताए । प्रधानमन्त्रीले आफ्ना कार्यकर्ताहरुको ज्यान लिन तलवार बोकेर हिँड्ने वा खल्तीभरी गोलीको माला बोकेर हिड्नुहुन्छ भनेर सोच्नु नै गलत भएको बास्कोटाले जनाए । 'प्रधानमन्त्री ओली पनि नेकपाकै हुनुहन्छ । रावल पनि नेकपाकै नेता हुनुहुन्छ । उहाँको सुरक्षा व्यवस्था सरकारले नै उपलब्ध गराएको छ । पछुवा पनि उहाँको छ र साथमा पनि अरु सुरक्षाकर्मीहरु छन् । त्यसैले उहाँको ज्यानमाथिको सुरक्षा खतरा भन्ने मलाई लाग्दैन ।' मन्त्री बास्कोटाले भने, 'जहाँसम्म प्रधानमन्त्रीले आफ्नै कार्यकर्तामाथि तलवार बोकेर हिँड्नुहुन्छ । खल्तीभरी गोलीको माला भिरेर हिन्नु हुन्छ भन्ने कुरा सोच्नु राम्रो होइन । यो सत्य पनि होइन् ।'

मन्त्री बाँस्कोटाले ललिता निवासको जग्गा कब्जा गर्ने विप्लव नेकपाको धम्की चर्चामा आउनका लागि मात्रै भएको दाबी गरे । पत्रकारहरुको जिज्ञासाको जवाफ दिँदै बस्कोटाले सरकारले नै उक्त जग्गामाथि छानबिन चलाएको उल्लेख गर्दै नेपाली जनता र नेपाल सरकारको उक्त जग्गा कुनै व्यक्तिलाई नदिइने बताए । 'विप्लवले कब्जा गरेर कब्जा हुँदैन नेपाल सरकार आफैले त्यस उपर छानबिन चलाएको छ । त्यो अरु कसैले भनेर होइन सरकार आफैले थाहा पाएपछि त्यसउपर छानबिन गरेको हो । त्यो जग्गा जसले जे भनेपनि नेपाली जनताको हो, नेपाल सरकारको हो । हामी त्यही नै गर्छौ र व्यक्तिहरुलाइ दिन सकिँदैन् ।' बाँस्कोटाले भने ।

'चर्चामा आउने तर के मा आउने त भन्दाखेरी सार्वजनिक चासो प्रकट भइरहेको विषयमा कुनै अदृश्य एक्सनको गरियो र भने शक्तिशाली देखिन्छ की भन्ने हुन सक्छ । त्ये राम्रो कुरा होइन र कब्जा नै गर्ने भए त । उहाँहरुको के थियो । झण्डा नै राष्ट्रको भन्दा अर्को थियो की अथवा केही अरु नै केही थियो की ?' उनले प्रश्न गरे । बास्कोटाले विप्लव समूहका गतिविधहरु आतंकवादी भएको दोहर्याए । लुकेर हमला गर्ने, छिपेर हमला गर्ने कुराले उनीहरुलाई नराम्रो गर्ने बास्कोटाले बताए । सरकारले सार्वजनिक सम्पत्तिहरु, टेलिकमका टावरहरुमा आगजनी गर्न नभएको भन्दै बास्कोटाले जनताको सम्पत्तिमाथि खेलवाड गर्ने अधिकार कसैलाई नभएको बताए ।

**यस्ता छन् मन्त्रिपरिषद्का निर्णय**

१.विद्युत वितरण प्रणाली स्तरोन्नति तथा विस्तार आयोजनाका लागि युरोपेली लगानी बैंकबाट प्राप्त हुने करिब रू.१२ अर्ब ७६ करोड (१०० मिलियन युरो) ऋण सहायता स्वीकार गर्ने निर्णय गरिएको छ ।

२. कृष्णनगर भन्सार कार्यालयको यार्ड विस्तार कार्यका लागि आवश्यक पर्ने कृष्णनगर भन्सार कार्यालयको यार्ड र कर्मचारी आवास क्षेत्रबीच साँधसीमा जोडिएका जिल्ला कपिलवस्तु, कृष्णनगर नगरपालिकाको जग्गा प्राप्त गर्न स्वीकृति दिइएको छ ।

३. नेपाल र जनवादी गणतन्त्र चीनबीच फौजदारी विषयमा पारस्परिक कानुनी सहायतासम्बन्धी सन्धिलाई स्वीकृत गरी कानुनी व्यवस्थाबमोजिम संघीय संसदमा जानकारीका लागि पेश गर्ने निर्णय गरिएको छ ।

४. इटालियन निर्माण व्यवसायी सिएमसीसँग पाउनुपर्ने पारिश्रमिक उपलब्ध गराउने विषयमा श्रमिकहरूले गरेको आन्दोलनमा घाइते भएका बालमुकुन्द अधिकारी र सन्तोष चौधरीको हालसम्मको उपचारमा खर्च भएको १ लाख ४६ हजार ५ सय ४६ रुपैयाँ रकम उपलब्ध गराउने निर्णय गरिएको छ ।

५. विदेशस्थित नेपाली नियोगमा काम गर्ने स्थानीय कर्मचारीहरूको पारिश्रमिक वृद्धि गर्ने निर्णय गरिएको छ ।

६. संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषद्मा पुनः निर्वाचनका लागि ३० लाख रूपैयाँ र सिइएडब्लु समितिसदस्य पदमा पुनः निर्वाचनका लागि १० लाख रुपैयाँ संयुक्त राष्ट्रसंघका लागि नेपालको स्थायी नियोग, न्यूयोर्कलाई उपलब्ध गराउने निर्णय गरिएको छ ।

७. अरनिको राजमार्गअन्तर्गत कोटेश्वर-जडिबुटी खण्डको सडक विस्तारका लागि उक्त सडकखण्ड (राइट अफ वे) भित्र पर्ने ५ (ख) को कित्ता नं. १६९ को क्षेत्रफल ६ अना १ पैसा जग्गा र उक्त जग्गामा बनेको घर अधिग्रहण गर्न स्वीकृति दिइएको छ ।

८. हुलाकी राजमार्ग आयोजना कार्यालय विरगञ्जअन्तर्गत तामागढी-सिम्रौनगढ सडक विस्तार तथा स्तरोन्नतिका लागि आवश्यक जग्गा अधिग्रहण गर्न स्वीकृति दिइएको छ ।

९. निर्माणाधिन लामोसाँघु-जिरी सडकखण्डमा पर्ने सुनकोशी नदी पुल (लामोसाँघु-जिरी सडक) को निर्माण क्षेत्रमा पर्ने आवश्यक जग्गा अधिग्रहण गर्न स्वीकृति दिइएको छ ।

१०. वृहत्त जलाधार व्यवस्थापन केन्द्र, गण्डकीका प्रमुख, वरिष्ठ जलाधार व्यवस्थापन अधिकृतलाई जलाधार संरक्षण अधिकृत तोक्ने र जिल्ला समन्वय समितिका प्रमुख अध्यक्ष रहेको भू तथा जलाधार संरक्षण समिति, कास्कीलाई पुनर्गठन गर्ने निर्णय गरिएको छ ।

११. नेपाल सरकारले परराष्ट्र मन्त्रालयमार्फत् भारतको सम्बन्धित अधिकारीलाई सिआइटिइएस् को आर्टिकल ८ र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा ३० को उपदफा (२) र (३) बमोजिम जम्मा १,७३,०७१.७९२ (एक लाख त्रिहत्तर हजार एकहत्तर दशमलब सात नौ दुई) के.जी. रक्तचन्दन काठ जे-जस्तो अवस्था र स्थानमा छ, सोही अवस्था र स्थानबाट आफ्नै खर्चमा ९० दिनभित्र उत्पत्ति मुलुक भारत फिर्ता लैजान स्वीकृति दिइएको छ ।

१२. तामाकोशी-काठमाडौं २२०र४०० के.भी. प्रसारणलाईनको 'राइट अफ वे'सहित केही टावर संरचनातयार गर्न दोलखा, सिन्धुपाल्चोक, काभ्रे, काठमाडौं र भक्तपुर जिल्लामा परेका विभिन्न ५६ वटा सामुदायिक वनलगायतको कूल १०३.२२० हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिइएको छ ।

१३. कार्वन व्यापारमार्फत् नेपालले विश्व बैंकबाट भुक्तानी प्राप्त गर्ने सन्दर्भमा उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौताका लागि नेपालको तर्फबाट सो बैंकसँग वार्ता गर्न वन तथा वातावरण मन्त्रालय योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुखको संयोजकत्वमा पाँच सदस्यीय वार्ता टोली गठन गर्ने निर्णय गरिएको छ ।

१४. हेटौंडा-ढल्केबर-दुहबी ४०० के.भी. प्रसारणलाईनको चौथोखण्ड (मकवानपुर)को 'राइट अफ वे'सहित केही टावर संरचना तयार गर्न मकवानपुर जिल्लाको हेटौंडा, छतिवन, हर्नामडी र राइगाउँमा रहेका विभिन्न १७ वटा सामुदायिक वन र दुई वटा कबुलियती वनलगायतको कूल ८०.६६० हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नस्वीकृति दिइएको छ ।

१५. राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेडलाई रुकुमगाड जलविद्युत आयोजनाको ३३ के.भी. प्रसारणलाइनको 'राइट अफ वे'सहित केही पोलरटावर संरचना तयार गर्न साविक रुकुम जिल्लामा रहेका विभिन्न पाँच वटा सामुदायिक वन लगायतको कूल४.०४९९ हेक्टर राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नस्वीकृति दिइएको छ ।

१६. राष्ट्रिय विधि-विज्ञान प्रयोगशाला सञ्चालनसम्बन्धी विधेयक तर्जुमाका लागिसैद्धान्तिक स्वीकृति दिइएको छ ।

१७. नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा १३ को उपदफा (१) को (च) मा निजी क्षेत्रका समेत गरी वायुसेवा सञ्चालन गर्ने संस्थाका सञ्चालकहरूमध्येबाट नेपाल सरकारबाट मनोनीत दुई जना सदस्य हटाउने र सोही दफाको उपदफा (१) (ङ) मा भएको व्यवस्थाको सट्टा नागरिक उड्डयन सम्बन्धमा विशेष योग्यता हासिल गरेका व्यक्तिहरूमध्येबाट कम्तिमा एक जना महिलासहित नेपाल सरकारबाट मनोनित दुई जना सदस्य रहने गरी कायम गर्ने निर्णय गरिएको छ ।

१८. जिल्ला समन्वय समितिको कार्यालय, बैतडीको स्वामित्वमा रहेको पुर्चौडी नगरपालिका वडा नं. १ को २४५८० वर्ग मिटर (४८ रोपनी ५ आना) जग्गा पुर्चौडी नगरपालिका बैतडीको नाममा स्वामित्व हस्तान्तरणका लागि स्वीकृति दिइएको छ ।

१९. सिद्धिचरण नगरपालिका, ओखलढुंगाको स्वामित्वमा रहेको सिद्धिचरण-११ को ६ रोपनी जग्गा घरजग्गा रजिस्ट्रेशनका लागि तोकिएको न्यूनतम दरबाट हुन आउने रकम लिई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाको नाममा स्वामित्व हस्तान्तरण गर्न स्वीकृति दिइएको छ ।

२०. देहायका स्थानीय तहलाई देहायबमोजिम जग्गा प्राप्ति गर्न स्वीकृति दिइएको छ-

क) भेरी नगरपालिका, जाजरकोटको साविक जगतीपुर गा.वि.स. वडा नं.१, हाल भेरी नगरपालिका वडा नं.५ को ११९९०.२ ९ वर्ग्मिटर जग्गा जाजरकोट बहुप्राविधिक शिक्षालयका लागि।

ख)गोरखास्थित भीमसेनथापा गाउँपालिकाको वडा नं.५ को २ रोपनी १३ आना १ पैसा २ दाम जग्गा प्रशासकीय भवन निर्माणका लागि।

ग) प्युठान नगरपालिका, वडा नं. ७ को १८३ वर्ग्मिटर जग्गा झोलुङ्गे पुल संरचना निर्माणका लागि ।

घ) संखुवासभाको पाँचखपन नगरपालिका वडा नं. ७ को ४ रोपनी जग्गा प्रहरी चौकी स्तरोन्नतिका लागि र वडा नं. ६ को ७ रोपनी जग्गा वाना प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नतिका लागि ।

ङ) रौतहटको माधव नारायण नगरपालिका वडा नं. २ को ४ कट्ठा जग्गा स्वास्थ्य चौकी भवन निर्माणका लागि ।

च) धादिङको त्रिपुरासुन्दरी गाउँपालिका वडा नं. २ असिन फाँटको २९ रोपनी ९ आना १ पैसा १२ दाम जग्गा सल्यानटार रङ्गशाला निर्माणका लागि

छ) धनुषाको बटेश्वर गाउँपालिका वडा नं. १ को १ विगाह ३ कट्ठा १२ धुरमध्येबाट ३७२.५ वर्ग्मिटर स्वास्थ्य चौकी निर्माणका लागि र वडा नं. ५ को २ विगाह १८ कट्ठा ९ धुरमध्येबाट प्रसूति गृह निर्माणका लागि ।

ज) धादिङको गल्छी गाउँपालिका वडा नं. ६ को १० आना जग्गावडा नं. ६ को वडा कार्यालय भवन निर्माणका लागि ।

झ) काठमाडौंको टोखा नगरपालिका वडा नं. ७ को १११.२ ९ वर्ग्मिटर जग्गा प्रशासकीय भवन विस्तारका लागि ।

ञ) रौतहटको ईशनाथ नगरपालिका वडा नं. ३ को १६ कट्ठा जग्गा नगरपालिकाको प्रशासकीय भवन निर्माणका लागि ।

च) सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका वडा नं. ११ को १ रोपनी ४ आना र १ रोपनी १० आना जग्गा अस्पताल निर्माणका लागि ।

## ४१ म्यानपावरको...

कम्पनीले कार्यालयसम्म पनि राम्रोसँग सञ्चालन गर्न नसकेको अवस्थामा उनीहरुमाथि नै छानविन हुनुले व्यवसायीहरुलाई चिन्तित बनाएको उनले बताए ।

विभागले छानविन गर्नुमा व्यवसायीहरुले विगतमा प्रतिशोधका कारण दिएको सूचनालाई आधार बनाएको विश्लेषण गरिएको छ । छानविनमा नाम सार्वजनिक भएकामा अधिकांश मलेसिया कामदार पठाउने म्यानपावर कम्पनी छन् । उनीहरुले विगतमा मलेसियाबाट आफुले लिन थालेको डिमाण्ड खोसिएपछि प्रतिशोध साँध्न विभागलाई सूचना दिएका र विभागले हाल सोही सूचनालाई हतियार बनाएको आंकलन गरिएको छ ।

छानविनमा ट्रेन्स वर्ल्ड म्यानपावर- प्रदर्शनीमार्ग, इन्टरनेशनल म्यानपावर रिक्रुटमेन्ट- ग्वार्को, ब्लू ओसियन ओभरसिज- टोखा, खोजी रिक्रुटमेन्ट सर्भिस- सानेपा, अल सेक्युर म्यानपावर- सीनामंगल, संयोग ओभरसिज- तीनकुने, युनाइटेड एचआर सोलुसन- कोटेश्वर, निर्मल एचआर सोलुसन- चक्रपथ, सृष्टि ओभरसिज इम्प्लोइमेन्ट सर्भिस- नयाँ बानेश्वर, गुडविल इन्टरनेशनल, ह्याप्पी नेपाल इम्प्लोइमेन्ट- बसुन्धरा, टाइगर ओभरसिज- धुम्बाराही, भर्टेक्स एचआर- चाबहिल, ओमेगा इन्टरनेशनल- पिंगलास्थान, एसभी एशोसिएट्स- महाराजगञ्ज, पंगेनी ह्युमन रिसोर्सेज- सामाखुसीको नाम छ ।

यस्तै, सदिक्षा ओभरसिज- सामाखुसी, मास ह्युमन रिसोर्सेज- गोंगबु, लिबर्टी एचआर कन्सलटेन्ट- महालक्ष्मीस्थान ललितपुर, शेर्पा इन्टरनेशनल म्यानपावर- सामाखुसी, ठैब राइज म्यानेजमेन्ट- अनामनगर, प्रिज्म ओभरसिज इम्प्लोइमेन्ट- लाजिम्पाट, खोपेरसी इन्टरनेशनल- टोखा, ग्रोथ प्रोसेस इन्टरनेशनल- बसुन्धरा, अल सामा इन्टरनेशनल इम्प्लोइमेन्ट- तीनकुने, डोस लिंक- सामाखुसी, एपोलो ओभरसिज सर्भिस- सामाखुसी, विज्ञान एभआर म्यानेजमेन्ट- चप्पल कारखानाको नाम पनि छ ।

त्यस्तै, वर्ल्ड म्यानपावर आइएनसी- एमरोड, डि प्रोटोन म्यानपावर सप्लायर्स- गौशाला, लालधनुष इन्टरनेसनल सर्भिस- बत्तीसपुतली, इन्टरनेसनल एचआर सोलुसन- काठमाडौं-८, इम्पेरियल ओभरसिज- सीनामंगल, राज ओभरसिज- काठमाडौं-३३, जस्मिन ओभरसिज प्रा.लि. (अभिनाश इन्टर नेसनल)- बसुन्धरा, अलरहिम म्यानपावर- चप्पलकारखाना, लिभर पुल एचआर सोलुसन- स्वयम्भू, हाइटेक एचआर सोलुसन- मैतीदेवी, तिलिचो ओभरसिज- काठमाडौं-९, नाज ओभरसिज- बसुन्धरा र जी एन्ड पी इन्टरनेसनल ओभरसिज- बसुन्धरा रहेका छन् ।

# समितिमा मिडिया काउन्सिल विधेयकमा बहस



**काठमाडौं/मस–** सांसद्हरुले स्वायत्त, स्वतन्त्र र स्वनियम सहितको मिडिया काउन्सिल विधेयक हुनुपर्ने बताएका छन् । संघीय संसद् राष्ट्रियसभा अन्तर्गतको विधायन व्यवस्थापन समितिको बिहीबारको बैठकमा सांसदहरुले विधेयकको प्रस्तावनामा सच्याई स्वायत्त, स्वतन्त्र र स्वनियम सहितको व्यवस्था राख्नुपर्ने बताएका हुन् । सरकारले संसदमा पेश गरेको विधेयकको प्रस्तावनामा स्वस्थ, स्वतन्त्र, मार्यादित र उत्तरदायी पत्रकारिताको विकास तथा सम्वर्द्धन गर्ने भन्ने उल्लेख छ ।

सांसद् वृषेश चन्द्र लालले पत्रकारिता पेशामा उच्चतम आचरण कायम गर्दै स्वस्थ, स्वच्छ र स्वतन्त्र पत्रकारिताको विकास संरक्षण तथा पत्रकारितामा आचारसंहिता आफैले बनाउने र त्यस अन्तर्गत रहने र त्यसलाई संवर्द्धन गर्नका लागि स्वतन्त्र स्वायत्त नियामक निकायको रुपमा प्रेस काउन्सिल हुनुपर्ने बताए । उनले भने 'कतिपय कुराहरु हुन्छन् जुन मिडियाले उठाइदिएपछि अनुसन्धानको दायरामा आउँछन्, सबैको ध्यान आकृष्ट गर्छ । त्यसैले हाम्रो के प्रस्ताव छ भने पत्रकारिता पेशामा उच्चतम आचरण कायम गर्दै, स्वस्थ, स्वच्छ र स्वतन्त्र पत्रकारिताको विकास संरक्षण तथा पत्रकारितामा स्वयंको आफैले आचारसंहिता बनाउने, आफैले नियम बनाउने र त्यो नियम अन्तर्गत रहने र सो नियमको संवर्द्धनका लागि स्वतन्त्र स्वायत्त नियामक निकायको रुपमा प्रेस काउन्सिल पुनर्स्थापना गर्न प्रति कानूनलाई संशोधन र एकीकरण गर्न वाञ्छानीय भएकाले यो ऐन बनाइएको छ, भन्ने विषय राख्नुपर्छ ।' उनले मिडिया काउन्सीलको ठाउँमा प्रेस काउन्सील नै राख्नुपर्ने बताए ।

सांसद रामनारायण विडारीले पत्रकारितामा आफैले आफैलाई नियमन गर्ने प्रवृतिको कुरा हुनुपर्ने र त्यसका लागि स्वायत्त, स्वतन्त्र नियमन गर्ने संस्थाको रुपमा विकास गर्नका लागि विधेयकमा राखिएको भाषालाई सच्याउनुपर्ने बताए । उनले भने, 'स्वनियमको कुरा छ, आफैले आफैलाई नियमन गर्ने प्रकृतिको कुरा पनि हुनुपर्‍यो र त्यसको अतिरिक्त स्वायत्त, स्वतन्त्र स्वायत्त नियमन गर्ने संस्थाको रुपमा यसलाईविकास गर्नु पर्‍यो भनेर यो भाषा परिमार्जन गरेको र सरकारबाट पेश भएको भाषा भन्दा यो भाषा उपयुक्त छ ।'

सांसद राधेश्याम अधिकारीले प्रेस काउन्सीलको ठाउँमा मिडिया काउन्सिल नै राख्नुपर्ने भन्ने चित्त बुझ्दो उत्तर आउनुपर्ने बताए । उनले भने, 'प्रेस काउन्सीलले आजपनि यी सबै कुराहरु परिक्षण गर्छ, उसको क्षमता कति छ, गरेको काम कति छ म यसमा जान्न तर अनलाइन लगायत सबै कुराहरुमा के आएको छ भन्ने कसले हेर्छ ? नियामक संस्था कुन हो? प्रसारण सम्बन्धी कुराहरु पनि हेरेर ठिक बेठिक भन्ने संस्था कुन हो ? यी सब काम प्रेस काउन्सिलले नै हेरेको छ ।' उनले प्रेस काउन्सिल राख्नलाई कुनै आपत्ति हुनुनपर्ने बताउँदै भने, 'प्रेस काउन्सिलले आज पनि हेरी राखेको छ र प्रेस काउन्सिल राख्नलाई आपत्ति नहुनु पर्ने हो तर अहिले नेपाल मिडिया काउन्सिल नै राख्नुपर्छ भन्ने कुरा आएको छ भने पनि के कारणले प्रेस काउन्सिलको सट्टामा मिडिया काउन्सिल भन्ने आएको हो चित्त बुझ्दो जवाफ आएमा राम्रो हुन्छ ।'

उनले विधेयकमा आउने विषय जस्ताको तस्तै हुने तर नाम फेर्ने कुरा गतिलो नभएको समेत बताए । उनले नाममा मात्र बहस गर्नुभन्दा पनि यस भित्रका विषयहरुमा बढी बहस गर्नुपर्ने बताए । उनले भने, 'हामी कुन कुरामा कसरी जान्छौं, हाम्रो परम्परा के हो, हामी कसरी बुझ्छौं भन्ने कुरा पनि ध्यान दिनुपर्छ, हामी प्रेस काउन्सिल नै राख्न पनि उचित हो भनेर राख्या हो तर यसैमा मात्र अडिग हुनु भन्दा पनि अरु विषयहरुमा के छ भन्नेमा ध्यान जान जरुरी छ ।' उनले पनि विधेयकको प्रस्तावनामा स्वायत्त, स्वतन्त्र र स्वनियम यी तिन विषयलाई छाडनै नसकिने बताए । उनले भने, 'हामी तीन कुरा छाडन सक्दैनौं स्वायत्त, स्वतन्त्र र स्वनियम यो तीन वटा कुरा प्रस्तावनामा हुनै पर्छ, नाम के मा जाने महत्वपूर्ण होइन महत्वपूर्ण के हो भनी यी तीनवटा विषयहरु रहन्छन् की रहँदैनन् भन्ने हो ।'

बैठकमा समितिका सभापति परशुराम मेघी गुरुङले रेडियो, टेलिभिजन, अनलाइन तथा छापा माध्यम सबैलाई एकै प्रकृतिको नियमन लागू हुन नहुने बताए । उनले फरक फरक प्रकृतिको माध्यम भएकाले सोहि अनुसार नै नियमनको आवश्यकता हुने बताए ।

# 'एकीकरण मार्ग सबैको साझा एजेण्डा बन्नुपर्छ'




**काठमाडौं/मस–** प्रधानसेनापति पूर्णचन्द्र थापाले एकीकरण मार्ग सबैको साझा एजेण्डा बन्नुपर्ने बताएका छन् । बिहीबार काठमाडौंमा आयोजित 'बृहत् एकीकरण मार्ग कार्यक्रम-२०७६'मा उनले सरकारको नीति तथा कार्यक्रममा पनि समावेश रहेकाले यसलाई सबैको साझा एजेण्डा बनाइनुपर्ने बताएका हुन् ।

प्रधानसेनापति थापाले पृथ्वीनारायण शाहले गरेको एकीकरणबाट दूरदर्शीता र एकता नै ठूलो बल हो भन्ने कुरा सिक्नु पर्ने र त्यो अहिलेको समयका लागि पनि उत्तिकै महत्वपूर्ण रहेको बताए । उनले एकीकरण मार्ग नेपालको इतिहास रहेको र यसका लागि सबै मिलेर काम गर्नु पर्ने धारणा पनि राखे ।

उनले एकीकरण मार्ग कार्यक्रम अन्तर्गत इतिहास र संस्कृतिको सम्वर्द्धन र प्रवर्द्धन गर्ने कार्यक्रमहरु तर्जुमा गर्ने कार्यमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरु, विभिन्न मन्त्रालयहरु, पुरातत्व विभाग, पर्यटन बोर्ड, इतिहास तथा संस्कृतिविद्हरुबाट संस्थागत वा व्यक्तिगत तवरबाट प्राप्त भएको सहयोग र साथ आफैमा अभिप्रेरक भएको समेत बताए ।

कार्यक्रममा नेपाल सरकारका सचिवहरु, प्रदेश तथा स्थानीय सरकारका पदाधिकारीहरु, विभिन्न मन्त्रालय तथा विभागहरुका महानिर्देशकहरु तथा निर्देशकहरु, इतिहासविद्, संस्कृतिविद्, नेपाली सेनाका रथीवृन्द तथा अधिकृतहरु, सञ्चारकर्मी र विद्यार्थीहरुको उपस्थिति रहेको थियो । सेनाको टोलीले २९८ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसर पारेर गोरखा दरबारबाट एकीकरण यात्रा गरेको थियो ।

# मनाइयो भूकम्प सुरक्षा दिवस

**शुभनारायण कामती/मध्यान्ह**
सिरहा, २ माघ

बिहीबार देशभर २२ औं भूकम्प सुरक्षा दिवस विभिन्न चेतनामूलक कार्यक्रम गरी मनाइएको छ । 'भूकम्पबाट सुरक्षित पूर्वाधार, दिगो सुख र समृद्धिको आधार' भन्ने मूल नाराका साथ मनाइएको दिवसका अवसरमा सिरहा जिल्लाको सदरमुकाम सिरहामा मूल समारोह समितिले विशेष कार्यक्रम गरेको थियो ।


कार्यक्रम शुरु हुनुअघि सिरहाको सदरमुकाममा रहेको रामजानकी मन्दिर अगाडि भेला भई प्लेकार्ड सहित र्‍याली निकालिएको थियो । रामजानकी मन्दिरबाट शुरु भएको र्‍याली सिरहा क्याम्पसमा पुगेर टुंगिएको थियो । र्‍याली समापन पछि नेपाली सेना शेरगनको तर्फबाट भूकम्प आउनुपूर्व ध्यान दिनुपर्ने कुराहरु तथा भूकम्प आएपछि गर्नुपर्ने उद्धारबारे डेमो प्रर्दशन गरिएको थियो ।

विपद् व्यवस्थापन समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका सभापति राम चन्द्र ठाकुर, सिरहा नगरपालिकका मेयर अशेश्वर प्रसाद यादव, नेपाल रेडक्रस सोसाइटी सिरहाका सभापति राजदेव यादव, नेपाल प्रहरीका एसपी, राष्ट्रिय अनुसन्धानका एसपी, बहादुर श्री शेर गणका प्रमुख, सिरहा नगरपालिकाका लगायत विभिन्न संघसंस्थाका प्रतिनिधी, विभिन्न राजनीतिक दलका प्रतिनिधी, व्यापारी, स्थानीय बुद्धिजिवी, समाजसेवी, नागरिक समाज, विभिन्न विद्यालयका शिक्षक, विद्यार्थी तथा संचारकर्मीहरुको सहभागिता थियो ।

२०५५ सालदेखि माघ २ गतेलाई राष्ट्रिय भूकम्प सुरक्षा दिवसका रुपमा मनाउन थालिएको हो । तर दिवस मनाइरहँदा पनि भूकम्पीय जोखिम न्यूनिकरणका कार्यक्रम प्रभावकारी हुन सकेको छैन । नेपाल भुकम्पको जोखिमका हिसावले विश्वको ११ औं स्थानमा रहेको छ । नेपालमा हरेक ८० देखि १ सय वर्षको अन्तरालमा ६ देखि ८ रेक्टरस्केलको भूकम्प जाने गरेको पाइन्छ ।

पछिल्लोपटक २०७२ साल बैशाख १२ गते गोरखाको बारपाक केन्द्रबिन्दु भएर ७ दशमलब ६ रेक्टर स्केलको भूकम्प गएको थियो । नेपालको एकतिहाई क्षेत्रफललाई प्रभावित बनाएको यो भूकम्पमा परी झण्डै नौ हजार मानिसले ज्यान गुमाए भने आठ लाखभन्दा बढी घर पूर्णरूपमा क्षति भएका थिए ।

# भ्रमण वर्षमा कविलास रिसोर्टको विशेष प्याकेज



**काठमाडौं/मस–** नेपाल भ्रमण भ्रमण वर्ष २०२० को अवसरमा चितवनको भरतपुर महानगरपालिका-२९ मा कविलास रिसोर्ट एण्ड फनपार्क प्रालिले आकर्षक सुविधा र छुट सहित सेवा आरम्भ गरेको छ । राजधानीस्थित सञ्चार केन्द्र नेपालमा रिसोर्टले पत्रकार सम्मेलनमार्फत भ्रमण वर्षलाई लक्षित गरी आफूले प्रदान गर्ने सेवा सुविधाहरुका बारेमा जानकारी गराएको छ ।

कार्यक्रममा रिसोर्टका अध्यक्ष बाबुराम उपाध्यायले भ्रमण वर्ष २०२० लाई मध्यनजर गरी आकर्षक छुट र सुविधाको व्यवस्थासहित कविलास रिसोर्ट स्थापना गरिएको बताए । 'भ्रमण वर्ष २०२० भर यस रिसोर्टले रिसोर्टमा आई रात बिताउने ग्राहकहरुको लागि बिहानको ब्रेकफाष्ट र स्विमिङ निशुल्क गरिएको र फनपार्कको सबै खेलमा २० प्रतिशत छुट दिने व्यवस्था गरिएको छ'- अध्यक्ष उपाध्यायले भने ।

उनले अन्य उत्पादन र सम्भावना खासै नभएको तर प्राकृतिक सुरन्दता भएकाले आफूँहरुले त्यस ठाउँमा सो रिसोर्ट सञ्चालनमा ल्याएको बताए । अध्यक्ष उपाध्यायले सो रिसोर्टमा २०० जनासम्म बस्ने लजिङको सुविधा भएको, पारिवारिक रुपमा बस्न मिल्ने, आफैंले पकाएको खान मिल्ने, ७ वटा पारिवारिक भिल्लाको व्यवस्था, फनपार्क, वाटरपार्क र स्विमिङ पुलजस्ता आकर्षक सुविधाहरु रहेका बताए । साथसाथै रिसोर्टमा अर्गानिक फार्म हाउस, खेतीपाती, कुखुरा पालन, बाखा पालन, हाँस, नर्सरीको समेत व्यवस्था भएको अध्यक्ष उपाध्यायले जानकारी दिए ।

७५ जनाको समूहमा सञ्चालन भएको यो रिसार्ट २५ विघा क्षेत्रफलमा बनेको जानकारी गराउँदै अध्यक्ष उपाध्यायले चितवनका प्रसिद्ध शहरहरु टाँडी, पर्सा, भरतपुरलगायत भारतको केही ठाउँहरुको समेत अवलोकन गर्न पायक पर्ने हुँदा त्यस ठाउँमा रिसोर्टको स्थापना गरेको बताए ।

त्यसैगरी कार्यक्रममा रिसोर्टका सल्लाहकार लक्ष्मीराम पौडेलले भ्रमण वर्ष २०२० लाई लक्षित गरेर कविलास रिसोर्ट सञ्चालन ल्याइएको बताए । कविलास रिसोर्ट सबैको आकर्षक गन्तव्य भएका कारण सबैलाई त्यहाँ पुग्न आग्रह गर्दै उनले भ्रमण वर्ष निजी र सरकारी सबै क्षेत्रका लागि एउटा महत्वपूर्ण अवसर रहेको बताए ।

सल्लाहाकार पौडेलले यो समयमा पर्यटनको आगमनमा बृद्धि गरी आयआर्जनमा समेत बृद्धि गर्ने सुनौलो अवसर रहेको बताए । उनले भ्रमण वर्षलाई सफल बनाउन सबैले आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्‍याउनुपर्ने धारणा राखे । पौडेलले भने, 'सबैले आ आफ्नो क्षेत्रबाट भ्रमण वर्षलाई सहयोग गर्नुपर्छ सोही कारण कविलास रिसोर्टले पनि यस अवधिमा विशेष छुटको व्यवस्था गरेको छ ।'

कार्यक्रममा कविलास रिसोर्टका व्यवस्थापक सन्देश पौडेलले कविलासद्वारा जारी प्रेस विज्ञप्ति वाचन गर्दै कविालसले प्रदान गर्ने सेवा सुविधा र छुटका विषयमा प्रष्ट पारेका थिए । त्यसैगरी कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य तथा सञ्चार केन्द्र नेपालका अध्यक्ष गोविन्द प्रसाद चौलागाईंले भ्रमण वर्ष मनाइरहँदा कविलास रिसोर्टले भारी छुट दिएर आकर्षक सुविधाहरु प्रदान गर्दा राज्यको अभियान सफल बनाउन महत्वपूर्ण भूमिका खेल्ने दाबी गरे ।

# गीतकार दाहाल सम्मानित

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, २ माघ

माघे संक्रान्तिको अवसरमा विष्णुलक्ष्मी साहित्यिक पुरस्कार समिति दोलखाले एक जना साहित्यकारलाई सम्मान तथा पर्यटन वर्ष २०२० को अवसरमा प्रकाशित प्रदेय पत्रिका सार्वजनिक गरेको छ । विष्णुलक्ष्मी साहित्यिक पुरस्कार समिति दोलखाले युवा गीतकार रमेश दाहाललाई १० हजार नगदसहित 'विष्णुलक्ष्मी-तुलसिमाया साहित्य सम्मान २०७६' बाट सम्मानित गरेको हो । दोलखाको बैतेश्वर ५ मैनापोखरीका दाहालले एक हजारभन्दा बढी गीत लेखिसकेका छन् भने तीन सय भन्दा बढी गीत रेकर्ड भएका छन् । पत्रकार चिरञ्जीवी मास्केले आफ्नो जन्मदिने र कर्मदिने आमाहरुको नाममा स्थापना गरेको विष्णुलक्ष्मी-तुलसिमाया साहित्य सम्मान हरेक वर्ष माघे संक्रान्तिको दिन माघ १ गते वितरण हुँदै आएको छ ।

कार्यक्रममा दोलखाका २० पर्यटकीय गन्तव्य समेटिएको पत्रिका 'प्रदेय' सार्वजनिक समेत गरिएको छ । भ्रमण बर्ष २०२० को अवसरमा प्रकाशित प्रदेयमा दोलखाको कालिञ्चोक, भीमेश्वर, शैलुङ, जिरीलगायत २० वटा पर्यटकीय गन्तव्यको परिचय, विशेषता, भौतिक, सामाजिक, सांस्कृतिक अवस्था आदी समेटिएको छ । जिल्ला समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डेले पुरस्कार वितरण तथा प्रदेय सार्वजनिक गरेका थिए ।

समितिका अध्यक्ष बिष्णु सुवेदीको सभापतित्वमा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति दोलखाका प्रमुख पाण्डे, नेकपा दोलखाका प्रमुख एवं तामाकोसी गाँउपालिकाका प्रमुख इश्वरचन्द्र पोखरेल, शैलुङ गाँउपालिकाका प्रमुख भरत दुलाल, प्रमुख जिल्ला अधिकारी भीमकान्त शर्मा पौडेल, भीमेश्वर नगरपालिकाको उपप्रमुख कमला बस्नेत, भीमेश्वर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर खड्काले आ-आफ्नो भनाइ राखेका थिए । त्यस्तै कार्यक्रममा समितिका संरक्षक चिरञ्जीवी मास्के, सामुदायिक रेडियो प्रशारक संघका केन्द्रीय कोषाध्यक्ष लक्ष्मण खड्का, प्रेस संगठनका केन्द्रीय सदस्य सरद सापकोटा, नेपाल प्रेस युनियन बागमती विशेष क्षेत्र संयोजक रमेश खतिवडा, नेपाल प्रेस युनियन दोलखाका अध्यक्ष दीपशंकर चौलागाई, प्रेस संगठन दोलखाका सहसंयोजक प्रभु जिरेल, साहित्यकार शंकरलाल श्रेष्ठ र समितिका उपाध्यक्ष मुरारी दुलालले मन्तव्य व्यक्त गरेका थिए ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier
HK
Cleaners/House Keeping/ Laundry man, Room boy
KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
स्वदेशमै होस कि विदेशमा
स्वरोजगार वा वैदेशिक रोजगार
तपाई सीप सिक्नुहोस्
अवसर र उपाय हामी खोजी दिन्छौं ।
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

### लोकतान्त्रिक दल, अलोकतान्त्रिक बाटो

लोकतान्त्रिक मूल्य मान्यता अंगीकार गर्ने मात्रै नभएर प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले आफूलाई अभियान्ता नै मान्छ । देशमा विद्यमान लोकतन्त्र आफ्नै अगुवाईका कारण संभव भएको दावी काँग्रेसले गर्दै आएको छ । घटनाक्रमहरूले पनि काँग्रेसकै अगुवाईमा लोकतन्त्र संभव भएको प्रमाणित हुन्छ । राणाशासन, पञ्चायत र राजतन्त्र विरूद्ध काँग्रेस लामो समय लडेकै दल हो । लोकतन्त्र स्थापना गर्न काँग्रेसका थुप्रै नेताहरूले जेलनेल भोगेका छन्, भने कयौंले शहादत प्राप्त गरेका छन् ।

काँग्रेस नेताहरूकै लामो संघर्ष र बलिदानबाट मुलुक आजसम्म आइपुगेको छ भन्न कञ्जुस्याई गर्नु पर्दैन । तर, लोकतन्त्रका लागि लड्ने दल काँग्रेसभित्रको लोकतन्त्र भने स्थापनाकाल बाटै सधैं चिन्ताको विषय बन्दै आएको छ । पञ्चायतको अवधिलाई छोडेर बाँकी लोकतान्त्रिक शासन प्रणाली कायम रहँदा पनि काँग्रेसले कहिल्यै समयमा महाधिवेशन गर्न सकेको छैन । विश्वेश्वरप्रसाद कोइराला जिवित रहेसम्म काँग्रेस र काँग्रेसको लोकतन्त्र भनेकै बीपी भए । त्यस पछाडिका नेताहरूले पनि जिवित रहेसम्म आफैं नेतृत्व गर्ने र आफ्नो नेतृत्वका लागि अनुकुल बातावरण तयार पार्नेतिर लागे ।

अहिले शेरबहादुर देउवा सभापति छन् । र, उनको शासनशैली पनि पहिलेकै सभापतिहरूको जस्तो छ । पुस ११ गते १४औं महाधिवेशनको मिति घोषणा, महाधिवेशन लक्षित गरी विभागको संख्या बढाउने निर्णय र भातृ संस्थाहरूमाथि नियन्त्रण राख्ने जस्ता तथ्यले सभापति देउवा फेरि पनि पार्टीमा आफू अनुकुलको बातावरण तयार पार्न उद्दत रहेको प्रमाणित हुन्छ । सभापति देउवाको एक्लौटी निर्णय विरूद्ध असन्तुष्ट समूहले पनि केन्द्रीय कार्यालयमै गुटको बलियो प्रभाव देखाउनेगरी जिल्ला सभापतिहरूको भेला राखिसकेका छन् । संस्थापनको निर्णय र असन्तुष्ट पक्षको भेलाले काँग्रेसको १४औं महाधिवेशन थप अनिश्चय तर्फ धकेलिएको बुझ्न गाह्रो पर्दैन । तर, यसको असर भने राष्ट्रिय राजनीतिमा पर्ने निश्चित छ । किनभने, प्रमुख प्रतिपक्षी दलभित्रको अलोकतान्त्रिक चरित्रको प्रभावले सरकारलाई लोकतान्त्रिक हुन दबाव दिने सामर्थ्य राख्न सक्दैन ।

त्यसै पनि वर्तमान सरकारको कार्यशैली र निर्णयहरूले लोकतान्त्रिक मूल्य मान्यताको सम्मान गर्न नसकेको टिप्पणी भइरहेको छ । तर, दुई तिहाइ नजिकको संसदीय गणितमा बनेको सरकारबाट समाजलाई सन्तुलित बनाउनुपर्ने प्रतिपक्षी दलभित्र देखिएको कलहले सिंगो मुलुकले समेत सही दिशा नलिन सक्छ । तसर्थ, काँग्रेस नेताहरूले एक पटक व्यक्ति र गुट भन्दा माथि उठेर सोच्न ढिलाई गर्र्दा स्वयम् तिनै नेताहरूका लागि धातक सावित हुन सक्छ ।

## सामाजिक सञ्जाल



देशका ठुला सरकार मात्रै होइन, गाउँ–शहरका हरेक पुन्टे सरकार प्रशंसाको भोकले चुर छन् । काममा नवीनतम सोच, शेलि र दृष्टिकोण भने शून्य, तर जयजयकार उनैको गाउनुपर्ने । देशैभर 'प्रशंसा क्याफे र क्लब' मात्रै चलाउन चाहने यस्ता नेतृत्व सक्किनु जरूरी छ । प्रशंसाः सहनशील आम नेपाली जनताको गरौं ।

**- अपर पौडेल**



धारो बनाउन प्लम्बर आको थियो २०० माग्यो ३०० दिएँ । मन चेक गरे उदारै रैछ । फेरी बिपी नाप्न गए मुटु कतै गडबड त छैन भनेर । १२०/९० रैछ । मन र मुटु भएका सम्पादकहरू (हुन त म सम्पादक हैन) छैनन् भन्ने पिएमको आरोपलाई सिधै फ्लप खुबाइयो बिहानै बिहानै । छाप्ने पो सम्पादक खबरीलाल हामी नै हो नि ।

**– अनिल गिरी**



एमसीसीको नाममा अमेरिकन सेना नेपाल आउन लागेको, नेपाल रणभूमि बन्न लागेको भन्ने बुझाइ निकै नै विस्तार भइसकेको रहेछ । आइसकेको रू ५५ अर्ब सहायता किन खर्च नगर्नु भन्ने तर्क गरेको बिहान–बिहानै झण्डै कुटाई खाइएन । कलेजमा माड्सापहरूले अमेरिकन एजेन्ट नै करार गरी छोडे ।

**– रमेश कुमार**



प्रधानमन्त्री केपी शर्मा ओलि यति सम्मको महत्वाकांक्षी हुनुहुन्छ होलान् जस्तो लाग्दैन थियो । कस्तो अचम्म जीवन र मृत्युसँग अस्पतालको बेडमा छट्पटाई रहँदा पनि अनौठो कस्तो चरीत्र देखाएको होलान् है । राम्रो गरेको त दुनियाँले देखि हाल्थ्यो नि एक सिन्को नभाच्ने अपेक्षा बजारमा जयजयकार खोज्नु ।

**– भरत बिष्ट**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# सरकार भ्रष्ट कि भ्रष्टाचारकै लागि सरकार



■ डा. चन्द्रमणि अधिकारी

> "जनतालाई जुत्ताले कुल्चिइन्छ, शक्ति त्यसैको हातमा जान्छ जसले पैसा बुझाउँछ । सडक बन्ने ठाउँ पहिले मन्त्री र उच्चपदस्थ पदाधिकारीहरूलाई थाहा हुन्छ अनि सस्तोमा जग्गा किनेर महँगोमा बेच्ने काम तिनै व्यक्तिहरूले गर्छन् ।' चारा घोटालामा लालु यादवलाई तीन वर्ष कैदसमेतको सजाय यसै चरित्रको जीवन्त उदाहरण हो ।

नेपाल भूगोल र अर्थतन्त्रका दृष्टिकोणबाट दुई ठूला राष्ट्रहरूबीच अवस्थित छ । अब नेपालले यसै भूराजनीतिक तथा प्रगतिको यथार्थताभित्र आफ्नो उन्नति र समृद्धिको मार्ग पहिल्याउनु छ, सुस्त गतिमा प्रयास गरिरहेको छ । यसै क्रममा नेपालले राजनीतिक दृष्टिकोणबाट आफूलाई संविधानतः लोकतान्त्रिक र गणतान्त्रिक बनायो, देशलाई संघीय संरचनामा ढाल्ने काम भयो ।

अब अर्को चाहना छ, नेपाललाई पनि दुई छिमेकीहरू जस्तै आर्थिक दृष्टिले उदीयमानको बाटो हुँदै अझ विकसित र समुन्नत राष्ट्रमा पुर्‍याउने । यसका लागि आर्थिक वृद्धिदर उच्च बनाउने, लगानीका क्षेत्र विस्तार गर्ने, उत्पादन बढाउने, बजार बढाउने र रोजगारीका अवसर सिर्जना गरी मानिसको आयलाई दसौं गुणाले बढाउने आदि लक्ष्य हासिल गरिनु आवश्यक छ । तर, त्यसका लागि रजनीतिक प्रणालीमा परिवर्तन गरेर र आर्थिक नीतिहरूमा बदलाव ल्याएर मात्र पनि हुँदैन; यी लक्ष्य र उद्देश्य हासिल गरी देशलाई विकसित राष्ट्रको गन्तव्यमा पुर्‍याउन राजनीतिक र आर्थिक दुवै क्षेत्रका दर्शन, प्रणाली र नीतिको कार्यान्वयन र व्यवस्थापन पनि त्यही ढङ्गले हुनुपर्छ । अन्तर्राष्ट्रिय अनुभव, अरूले गरेको र भोगेको सुख तथा समुन्नतिलाई हेरेर देशमा राजनीतिक परिवर्तन त भयो, तर यस राजनीतिक परिवर्तनले लिएको अन्तर्निहित उद्देश्य हासिल गर्ने र यस परिवर्तनलाई साथ दिंदा एवं आत्मसात् गर्दा आमनागरिकले लिएका आकांक्षा पूरा हुन बाँकी छन् ।

यस पृष्ठभूमिमा बुझ्नुपर्ने कुरा के हो भने अरूबाट सिक्दा, अरूबाट शिक्षा लिँदा र अनुभव ग्रहण गर्दा सधैं सकारात्मक कुरा मात्र छानिएर आउँदैनन् । जसबाट हामीले जे-जे कुरा सिकेका र ग्रहण गरेका हुन्छौं, त्यसरी सिकेका र ग्रहण गरेका सबै व्यवस्था, नीति र प्रणाली एक त विशुद्ध चौबीस क्यारेटका सुनका टुक्राजस्ता हुँदैनन् भने अर्कातिर ती विषयसँग जोडिएर आउने उपव्यवस्था, उपप्रणाली, कार्यनीति तथा अनि कतिपय सन्दर्भ व्यवहारले हाम्रा थुप्रै क्षेत्रलाई प्रदूषित गर्न पनि सक्छन् । यसै क्रममा हामीले कतिपय कुरा थाहै नपाई भित्र्याइसकेका छौं, संक्रमित हुँदै गएका पनि छौं । यस्ता कुरा राजनीति, शासनप्रणाली, व्यवहार तथा संयन्त्रहरूमा पसेर सरुवा रोगको रूप लिइसकेका छन् । उदाहरणका लागि यसै वर्ष सम्पन्न स्थानीयदेखि संघीय तहसम्मको निर्वाचनमा भएको पैसाको अनियन्त्रित प्रयोग, अपारदर्शी स्रोत, आकार र चरित्रले यो कुरा पुष्टि हुन्छ । निर्वाचन आयोगले हरेक तहका लागि निर्वाचनको प्रकृति र प्रकारअनुसार निर्वाचन खर्चको सीमा तोकेको थियो । यद्यपि त्यो सीमा नै नेपालको आर्थिक, सामाजिक चरित्र तथा २०४८ देखि २०५६ सालसम्मका निर्वाचनमा तोकिएका सीमाको अंकलाई हेर्दा कतिसम्म वैज्ञानिक, व्यावहारिक र अध्ययन एवं मूल्यांकन तथा परीक्षणमा आधारित थियो भन्ने कुरा थप विवेचना र मूल्यांकनको विषय हुन सक्छ । यस सन्दर्भमा निर्वाचन खर्च प्रयोजनका नाममा आयोगले तोकेभन्दा दसौं गुणा बढी खर्च भएका समाचारहरू पनि आए, तिनका स्रोत कति वैधानिक थिए, कति अवैधानिक, त्यो छुट्टै खोजको विषय हो तर एउटा वडा सदस्यले ३० लाख रुपैयाँभन्दा बढी खर्च गरेका घटना र संघीय संसद्को उम्मेदवारले रु. ५ करोडसम्म खर्च गरेको भनी आएका समाचारका विषयले राजनीति कति प्रदूषित भइसकेछ र हामी कति संक्रमित भइसकेछौं भन्ने कुरा प्रमाणित गर्छ । यस्तो अनियन्त्रित खर्चले विकसित देशहरूमा उम्मेदवारहरूले प्रतिमतदाता गरेको खर्चलाई पनि उछिनेको देखिन्छ । निर्वाचनमा अपारदर्शी, अवैधानिक र असामाजिक किसिमले भएका खर्च उठाउने नाममा भोलि राज्यव्यवस्था सञ्चालन गर्दा नीतिगत तथा कार्यान्वयनगत क्षेत्रमा आर्थिक अनियमितता र भ्रष्टाचार कति चुलिएर जाने हुन् भन्ने कुरा सहज अनुमान लगाउन सकिन्छ । यसका संकेतहरू देखिन थालिसकेका पनि छन् । भ्रष्टाचार र अनियमितताका घटनाहरू सतहमा आउन थालेका छन् । सुशासन, भ्रष्टाचार नियन्त्रण तथा सेवा-सुविधाको गुणस्तरका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचकहरू ओरालो लागिरहेका छन् । देश विकासका लागि चाहिने निर्माण सामग्रीहरूको मूल्य अपारदर्शी तथा अवैज्ञानिक ढंगले बढाउन थालिएको छ । राज्यकोषबाट विधि र मापदण्डविपरीत रकम बाँडिएको छ । यही परिपाटीलाई निरन्तरता दिने हो भने देशको राजनीतिमा योग्य, निष्कलंक, इमानदार र अवैधानिक तरिकाले जम्मा गरिएको पैसाको खोलो बगाउन नसक्ने व्यक्तिहरूका लागि स्थान रहँदैन, युवाहरूमा पनि वितृष्णा फैलिन्छ । त्यसको कुप्रभाव दीर्घकालीन अर्थराजनीतिमा कति पर्ला भन्ने कुरा जोसुकैले पनि अनुमान लगाउन सक्छ ।

हामीले ल्याएको राजनीतिक व्यवस्था, आर्थिक दर्शन र अर्थ-राजनीतिको मोडल उत्तर-दक्षिण, पूर्व-पश्चिम सबै क्षेत्रबाट प्रभावित छ, सबै कोण र दिशाबाट केही कुरा अनुकरण गरेका छौं । समाजवादउन्मुख, समुन्नत र समृद्ध अर्थतन्त्र बनाउने लक्ष्यका साथ अनुसरण गरिएको अर्थ-राजनीतिक दर्शन तथा मोडल यी चारै दिशा र कोणबाट सिकिएका र ल्याइएका/गरिएका अनुभवको सम्मिश्रण हो । तर, यो लक्ष्य प्राप्त गर्नका लागि हामीले अपनाउने योजना, कार्यप्रक्रिया, कार्यप्रणाली, व्यवहार र आचरण कत्तिको कुशल हुने हो भन्ने कुरा आफ्नै सोच, इच्छाशक्ति र कार्यशैलीमा निर्भर गर्छ । सम्भावित दुर्गुण र संक्रमणबाट कति बचाउन सक्छौं भन्ने कुरामा निर्भर गर्छ । दक्षिणतिरको छिमेकी देश भारतसँग भूगोल, राजनीति, अर्थनीति, संस्कृति र धर्म चारै कुराबाट स्वभावतः तुलनात्मक रूपमा बढी प्रभावित छौं । भारतमा हजारौं राम्रा र असल कुरा छन्, सयौंमा भए पनि खराब र विकृत विषयहरू छन् । त्यहाँ विश्व समाचारमा देखिएजस्तो आर्थिक वृद्धि, पूर्वाधारको विकास, प्रविधिको विस्तार र बजारको विस्तार मात्र छैन, त्यहाँको राजनीति र प्रशासन कति हदसम्म प्रदूषित र विकृत भएको छ भन्ने कुरा विद्युतीय र छापाका समाचारका अतिरिक्त सामाजिक सञ्जाल एवं कतिपय चलचित्र र साहित्यमा समेत देख्न सकिन्छ । अशिक्षा, गरिबी, अमानवता, हिंसा, भ्रष्टाचारसमेतका कुराबाट त्यहाँ पनि आमजनता पिल्सिरहेका छन् । अर्बपतिहरूको संख्या पनि बढ्दैछ, एक छाक खान धौधौ हुनेको संख्या पनि उल्लेखनीय छ । हुने र नहुनेबीचको दूरी पनि बढ्दै छ । त्यहाँको राजनीति, प्रशासन, मानवअधिकार, महिला, बालबालिका तथा गरिबीका विषयमा भएका ज्वलन्त एवं दुर्दान्त घटना उल्लिखित माध्यमबाट प्रस्तुत भएको देख्न सकिन्छ, नकारात्मक प्रभाव र संक्रमणको ज्वरो नाप्न सकिन्छ । मदारी नाम गरेको सन् २०१६ मानिशिकान्त कामतद्वारा निर्देशित तथा शैलेश सिंहद्धारा निर्मित सामाजिक चलचित्रमा देखाइएको दृश्य र त्यहाँका संवादहरू सुन्ने हो भने भारतको लोकतन्त्र र राजनीतिको अभ्यासमा दर्शन र सिद्धान्तले देखाएजस्तो चम्किलो हिमालका रूपमा मात्र नरही त्यहाँ काला धब्बाहरू पनि त्यत्तिकै देखिन्छन् । तिनको प्रचलनको कार्य घृणायुक्त व्यवहार, रुखो शैली र कुडाकर्कटबाट भरिएको पनि छ । भर्खरै बनेको एउटा पुल भत्किएको र सयौं निर्दोष व्यक्तिको ज्यान गएको विषयलाई लिएर चलचित्रमै भए पनि सत्य तर राज्यको नालायकीपन तथा भ्रटाचारको चरम चित्र उद्घाटित गर्न खोजिएको छ । चलचित्रमा संवाद बोलिन्छ, 'यहाँको सरकार भ्रष्ट छ भन्नुभन्दा पनि भ्रष्टाचारका लागि नै सरकार बन्छ । जुन दल वा व्यक्ति आए पनि भ्रष्टाचारको पसल चलिरहेको छ । भ्रष्टाचार त सरकारको प्राथमिकतामा पर्ने व्यवसाय हो । खाने-खुवाउने कुरालाई हेर्दा सरकार कन्ट्राक्टर हो, विपक्ष ठेकेदार हो । भनिन्छ भारतमा १ सय २० करोड नागरिक छन् । तर त्यस्तो छैन, उनीहरू दल, जात, धर्म र प्रान्तमा बाँडिएका छन्, एकमत छैनन्, त्यसैले उनीहरू कमजोर छन् । फलस्वरूप लट्ठीहरू साजिलै भाँचिन्छन् । जनतालाई जुत्ताले कुल्चिइन्छ, शक्ति त्यसैको हातमा जान्छ जसले पैसा बुझाउँछ । सडक बन्ने ठाउँ पहिले मन्त्री र उच्चपदस्थ पदाधिकारीहरूलाई थाहा हुन्छ अनि सस्तोमा जग्गा किनेर महँगोमा बेच्ने काम तिनै व्यक्तिहरूले गर्छन् ।' चारा घोटालामा लालु यादवलाई तीन वर्ष कैदसमेतको सजाय यसै चरित्रको जीवन्त उदाहरण हो ।

विद्यमान प्रवृत्ति, चरित्र र काम-कारबाही हेर्दा नेपालमा पनि यो रोग संक्रमित भइसकेको छ र घटना घट्न थालेका पनि छन् । स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिले समेत डम्पिङ साइटका लागि जग्गा खरिद र त्यसको मूल्यांकनमा यो चरित्र व्यवहारमा ल्याएको खबर लेखकले पनि सुनेकै हो । द्रुतमार्गसमेतका कतिपय सडक परियोजना सम्बन्धमा सूचना चुहाएर घोटाला भएका खबर पनि नआएका होइनन् । यसले के बुझिन्छ भने नेपालको अर्थ-राजनीतिमा पनि सकारात्मक सिको र नकारात्मक संक्रमण दुवै कुराले स्थान पाउँदै छन् । त्यसैले अब बन्ने सरकारले यी तमाम कुराको मिहिन ढंगले लेखाजोखा गरेर (१) निर्वाचन खर्चलाई सीमित, पारदर्शी र सुशासनअनुकूल बनाउने, (२) राजनीति र व्यापार-व्यवसाय एवं राजनीतिज्ञ तथा व्यवसायीबीचको सीमारेखा स्पष्ट पार्ने अर्थात् ढल, तेल र पानीको पाइप सँगै राख्ने चलन अन्त्य गर्ने, (३) नीति र कानुन बनाउँदा विदेशी दस्तावेजको अनुवाद नगरी देशको आर्थिक-सामाजिक विकास एवं चेतनास्तरअनुसार व्यावहारिक हुने गरी बनाउने, (४) सरकारी ढुकुटीबाट विधि र मापदण्डबिना रकम बाँड्ने कार्यलाई नियन्त्रण गर्ने र बाँडिएको विषयको परीक्षण गरी दोषीलाई कारबाहीको घेरामा ल्याउने समेतका काम गर्नुपर्छ, अन्यथा राज्यव्यवस्थाप्रति जनताको विश्वास घटेर जान्छ । त्यसपछिको नतिजा आफैं अनुमान लगाऔं ।

# ठूलो अलैंचीमा लुकेको सम्भावना



ढुनबहादुर बुढाथोकी

वैज्ञानिक नाम 'इलेटेरिया काडाम' ले चिनिने ठूलो अलैंची विश्वकै पुरानो मसलाजन्य बाली मानिन्छ । अलैंची मसलाजन्य समूहको तेस्रो मूल्यवान् बाली पनि हो । अलैंचीका लागि ७ सय मिटरदेखि २२ सय मिटरको उचाइ, ८ देखि २० सेन्टिग्रेटको तापक्रम, १५ सयदेखि २५ सय मिलिमिटरसम्मको वर्षा, ओरालो, ओसिलो र मलिलो माटो अलैंचीका लागि उपयुक्त मानिन्छ । खोल्सा-खोल्सी, सिम, खर-खर्यान, बारीको डिलमा मात्र होइन; चाँप, कटुस, चिलाउनेको रूखमुनि समेत उत्पादन गर्न सकिने अलैंचीलाई खोल्साको सुन अथवा कालो सुनका रूपमा पनि अर्थ्याउने गरिन्छ ।

भोजन स्वादिष्ट बनाउन, सुगन्धित सामग्री तयार गर्न, विभिन्न प्रकारका रसायन तथा औषधि तयार गर्न उपयोगमा आउने अलैंची मसलाको रानी अर्थात् 'क्विन अफ स्पाइस' को नामले प्रख्यात छ । अलैंची रङ, आकार र प्रयोगका आधारमा ठूलो र सानो गरी मूलतः दुई प्रकारको हुन्छ । तीमध्ये नेपालमा ठूलो अलैंची अर्थात् ब्ल्याक कार्डमम मात्र उत्पादन हुन्छ । ठूलो अलैंचीले विश्व बजारमा नेपाली अलैंचीको नामले पहिचान बनाएको छ ।

ठूलो अलैंचीको मूल थलो भने सिक्किम हो । वि.सं. १९७६ बाट नेपालमा अलैंची रोप्न थालिएको भए तापनि २०१५ बाट मात्र व्यावसायिक उत्पादन हुन थालेको हो । अलैंचीको उत्पादन वृद्धि र निर्यात प्रवर्द्धनका लागि वि.सं. २०३२ मा अलैंची विकास केन्द्र स्थापना भएको थियो ।

अहिले ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, इलाम, धनकुटा, गोरखा, सोलुखुम्बु, लमजुङ, स्याङ्जा, पर्वत, बागलुङ, उदयपुर, कास्की, दैलेख, सल्यान, अछाम, बैतडीलगायत ४१ जिल्लामा अलैंची खेती विस्तार भएको छ । यस खेतीबाट २२ हजार घरधुरीका ७० हजार कृषक लाभान्वित छन् । कुल उत्पादनको ८० प्रतिशत हिस्सा ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, इलाममा मात्र उत्पादन भइरहेको छ । ताप्लेजुङको कुरा गर्ने हो भने आव ०७३/७४ मा ५ हजार १ सय हेक्टरमा २ हजार ४ सय टन अर्थात् ६ अर्बको अलैंची उत्पादन भएको छ । आव ०७१/७२ मा १२ हजार ४ सय ५८ हेक्टर जमिनमा अलैंची उत्पादन भएकोमा आव ०७३/७४ मा ४ हजार १ सय ८४ हेक्टर थप भई १६ हजार ६ सय ४२ हेक्टर पुगेको छ । आव ०७१/७२ मा ५ हजार १ सय ६६ मेट्रिक टन उत्पादन भएकोमा आव ०७३/७४ मा १२ हजार ८ सय ४७ मेट्रिक टन पुगेको छ । यसरी प्रतिहेक्टर उत्पादकत्व ०.४१ मेट्रिक टनबाट ०.७७ मेट्रिक टन पुगेको छ । त्यसो त ठूलो अलैंची नेपालबाहेक भारत, भुटान, श्रीलंका, मलेसिया र ग्वाटेमालामा मात्र उत्पादन हुन्छ । तथापि अलैंची उत्पादनमा नेपालले सबै मुलुकलाई पछाडि पारेको छ । सन् २०१६ मा विश्वको कुल उत्पादनमा नेपालको एकल हिस्सा ६८ प्रतिशत हुँदा भारतले २२ प्रतिशत र भुटानले ९ प्रतिशतमा चित्त बुझाउनुपरेको थियो । उत्पादित अलैंचीको ९८ प्रतिशत निर्यात भइरहेकोमा त्यसको ८० प्रतिशत भारत केन्द्रित छ । २० प्रतिशत हिस्सा मात्र दक्षिण एसिया, मध्यपूर्व, युरोपमा हुने गरेको छ । यस हिसाबले अलैंचीको देशगत विविधीकरण कमजोर छ ।

अलैंचीको वास्तविक मूल्य नियन्त्रण कृषकको हातमा हुनुपर्नेमा थोक विक्रेता र दलालको हातमा छ । सस्तोमा अलैंची खरिद गरी भण्डारण गरेर महँगोमा बिक्री गर्ने बिचौलियाको कुनै अभाव छैन । अलैंचीको मूल्य माग र आपूर्तिका आधारमा हुनुपर्नेमा खरिदकर्ताको निगाहमा निर्धारण भइरहेका छ । बिना श्रम, लगानी गरेकै भरमा बिचौलियाले अनुचित लाभ उठाइरहेका छन् ।

त्यसो त अलैंची उच्च मूल्य अभिवृद्धि गर्न सकिने नगदे बाली हो । अलैंचीबाट तेल, मिठाई, केक, पेस्टीजस्ता परिकार मात्र बनाउन सकिँदैन, सिरप, सस्पेन्सन, ट्याब्लेट, इन्जाइम्सजस्ता औषधि निर्माण गर्न सकिन्छ । मिक्सिङ वा प्रशोधन गरी मूल्य अभिवृद्धि गर्न सकिने थुप्रै गुन्जाइस हुँदाहुँदै पनि कोरा अलैंची निर्यात भइरहेको छ । छिमेकी भारतमा पुगेपछि प्रोसेसिङ, प्याकिङ र लेबलिङ गरी महँगो मूल्यमा ट्यागिङ हुने गरेको छ ।

अलैंचीको मूल्य स्थायित्व कायम हुन नसकिरहेको अवस्था छ । अलैंचीको मूल्य पछिल्लो दुई वर्षयता ओरालो लागिरहेको छ । दुई वर्षपूर्व प्रतिमन (४० केजी) १ लाख १० हजार हात लगाएका कृषकहरूले अहिले आधाभन्दा कम मूल्यमा चित्त बुझाउनुपरेको छ । कुनै पनि वस्तुको ट्रेडमार्क प्राप्त हुनु भनेको वस्तुप्रतिको विश्वसनीयता कायम हुनु वा निर्धक्कसम्म प्रयोग गर्न सक्नु हो । तर, अलैंचीको ट्रेडमार्क दर्ता हुन नसक्दा मिसावटको समस्या झेल्नुपरेको छ । अधिकांश अलैंची उत्पादक कृषकका लागि यातायातको संकट झेल्नु नियतिजस्तै भएको छ । तेह्रथुम, संखुवासभा, पाँचथर, भोजपुरमा उत्पादित अलैंची धरान, फिक्कल वा बिर्तामोडसम्म पुर्‍याउँदा झेल्नुपरेको संकट निवारण गर्न राज्य उदासीन छ ।

अलैंचीको ड्राइङ, प्याकेजिङ, वेयर हाउजिङ, ल्याब्रोटरी, मार्केट इन्फर्मेसन, प्रोडक्ट प्रमोसनको पाटो पनि त्यत्तिकै लुरे छ । अलैंची सुकाउने प्रविधि अझै परम्रागत ढर्राको छ । निर्यातमा विभिन्न किसिमका शुल्क, क्वारेन्टाइनको समस्या गढेको छ । अलैंचीको अनुसन्धान तथा विकासको ध्यान पुग्न सकेको छैन । यहाँसम्म कि उच्च सम्भावनायुक्त बाली भईकन पनि आव ०७४/७५ को बजेट नीति तथा कार्यक्रममा अलैंची खेती प्रवर्द्धनका खातिर एक वाक्यांशसमेत खर्चिएको छैन ।

अलैंचीका लागि आवश्यक पर्ने धरातलीय बनावट, माटोको प्रकृति, हावापानी, वर्षाको मात्रा नेपालजस्तो अन्य कुनै मुलुकमा पाउन दुर्लभ छ । कृषकको जीवनस्तर उठान गर्न, बढ्दो व्यापारघाटा कम गर्न, मन्द गतिको आर्थिक वृद्धि उठान गर्न अलैंची खेती कोसेढुंगा साबित हुनेमा कुनै शंका छैन । स्मरण रहोस्, अलैंचीको व्यावसायिक उत्पादन वृद्धि हुनु भनेको कृषि पर्यटन प्रवर्द्धन, दुर्लभ वैदेशिक मुद्रा आर्जन तथा कृषकवर्गको जीवनस्तर उठान हुनु हो ।

भिरालो, ओसिलो र सिमसार जमिनमा समेत बाली फस्टाउन सक्नु, रोपेको तीन वर्षमा उत्पादन दिनु, अरू तीन वर्षसम्म घट्दो क्रममा भए पनि उत्पादन भइरहनु, उत्पादनका लागि आगत (इनपुट) कम लाग्नु, उत्पादनको अधिकांश हिस्सा निर्यात हुनु, बिक्री उच्च मूल्यमा गर्न सकिनु, थोरै लगानीमा अधिक प्रतिफल प्राप्त हुनु, विश्व बजारमा प्रतिस्पर्धी अत्यन्त नगन्य हुनु नेपालको अलैंचीमा निहित असीम सम्भावनाहरू हुन् ।

तथापि एकीकृत बजार रणनीति, २०१० मा सूचीकृत १९ निकासीमूलक वस्तुहरूमध्ये कृषि उपसमूहको सर्वाधिक निर्यात सम्भावना बोकेको बाली भईकन पनि सम्भावनाअनुरूप अलैंची निर्यात वृद्धि हुन सकेको छैन । ०६७/६८ मा ३.५ अर्बको, ०६८/६९ मा ३.४९ अर्बको, ०६९/७० मा ३.८४ अर्बको, ०७०/७१ मा ४.२७ अर्बको, ०७१/७२ मा ३.८३ अर्बको, ०७२/७३ मा ४.२७ अर्बको र ०७३/७४ मा ४.६१ अर्बको मात्र अलैंची निर्यात भएको छ । विगत सात वर्षको आँकडा नियाल्ने हो ०६७/६८ को तुलनामा ०७२/७३ मा १.११ अर्ब मात्र अतिरिक्त निर्यात हुन सकेको छ ।

यतिविधि सम्भावना बोकेको अलैंचीको निर्यातबाट वार्षिक ४/५ अर्ब मात्र हात लाग्नु, मूल्य अभिवृद्धिको गर्न सकिने तमाम गुन्जाइस हुँदाहुँदै कोरा निर्यात हुनु, ट्रेडमार्क प्राप्त हुन नसक्नु, समर्थन मूल्य तोक्न नसक्नु वा बिचौलियाको बिघबिघि हुनु अलैंचीमा गढेका समस्याहरू हुन् । अलैंची उत्पादनमा विश्वकै नम्बर १ कहलिने मुलुकले सोअनुरूपको लाभ प्राप्त गर्न प्रस्तुत समस्याहरू चिर्नु आवश्यक छ ।

# रुसमा नयाँ प्रधानमन्त्री

**मस्को/एजेन्सी-** रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले नयाँ प्रधानमन्त्री नियुक्त गरेका छन्। तत्कालिन प्रधानमन्त्री दिमित्रि मेद्भेदेवले राजीनामा दिएर खाली भएकाले प्रधानमन्त्री पदमा उनले नयाँ व्यक्तिलाई नियुक्त गरेका हुन् । उनले संघीय कर सेवा प्रमुख मिखाइल मिशुस्टिनलाई नयाँ प्रधानमन्त्रीको रुपमा नियुक्त गरेका रुसी राष्ट्रपतिको कार्यालय क्रेमलिनले बुधबार जनाएको छ ।

'भ्लादिमिर पुटिनले संघीय कर सेवा प्रमुख मिखाइलसँग बैठक गरेर उहाँलाई प्रधानमन्त्रीको जिम्मेवारी लिन आग्रह गरेका छन्,' क्रेमलिनद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ । पुटिनको आग्रहलाई मिखाइलले स्विकार गर्नुभएपछि उनलाई प्रधानमन्त्रीका रुपमा नियुक्त गरिएको अधिकारीले बताएका छन् । राष्ट्रपति पुटिनले वर्तमान संवैधानिक व्यवस्थालाई सुधारको प्रस्ताव गरेपछि प्रधानमन्त्री मेदभेदेवले बुधबार राजीनामा दिएका हुन् ।



मेदभेदेवले नयाँ सुधार प्रस्तावले देशको शक्ति सन्तुलनमा उल्लेखनीय परिवर्तन गर्ने भएकाले राजीनामा दिएको बताएका थिए । पुटिनको सुधार प्रस्तावमा राष्ट्रपतिको सट्टा संसद्लाई प्रधानमन्त्री र वरिष्ठ मन्त्रिपरिषद् सदस्य छनोट गर्ने अधिकार समावेश गरिएको बताइएको छ । प्रधानमन्त्रीले भने, 'वर्तमान स्वरूपमा रहेको सरकार प्रमुखका हैसियतमा मैले पदबाट राजीनामा गरेको छु । हामीले राष्ट्रपतिलाई सबै आवश्यक कदम चाल्ने सम्भावना प्रदान गर्नुपर्दछ ।' प्रधानमन्त्रीका अनुसार सुधारका आगामी सबै निर्णय राष्ट्रपतिले लिनेछन् ।

प्रधानमन्त्री मेदभेदेवले राजीनामा दिएपछि राष्ट्रपति पुटिनले उनलाई धन्यवाद र आभार व्यक्त गरेका छन् । उनले भनेका छन्, 'मैले प्रधानमन्त्रीका रूपमा तपाईंले गरेका सबै कुराका लागि तपाईंलाई धन्यवाद दिन चाहन्छु, यस क्रममा उपलब्धि हासिल गरेका नतिजाप्रति आभारी पनि छु ।' पुटिनले मेदभेदेवलाई प्रधानमन्त्रीबाट हटाउनुको ठोस कारण भने स्पष्ट भएको छैन । तर, उनी आफू लामो समय रुसको शक्तिमा रहनका लागि यस्तो गरेको विश्लेषण गरिएको छ ।

पुटिनको चौथो कार्यकाल सन् २०२४ मा सकिँदै छ । त्यसपछि पनि पुटिन आफ्नो कार्यकाल लम्ब्याउन वा कुनै न कुनै रुपमा रुसको सत्ता केन्द्रमा आफू रहन चाहन्छन् । हाल कायम रहेको संवैधानिक व्यवस्था अनुसार पुटिन पाँचौं कार्यकालका लागि राष्ट्रपति बन्न पाउने छैनन् । त्यसले उनले संवैधानिक फेरबदलको प्रस्ताव ल्याएका हुन् । संसदलाई वार्षिक रुपमा गर्ने सम्बोधनको क्रममा पुटिनले यो प्रस्ताव ल्याएका हुन् । त्यस क्रममा पुटिनले अब राष्ट्रपतिको कार्यकाल दुईपटकमा सीमित गर्ने बताएका छन् । पुटिनले स्टेट काउन्सिलको शक्ति बढाउने प्रस्ताव गरेका छन् । यसको अध्यक्षता राष्ट्रपति पुटिनले नै गरेका छन् ।

# अमेरिका र चीनबीच पहिलो चरणको व्यापार सम्झौता



**वासिङ्टन/एजेन्सी-** अमेरिका र चीनबीच पहिलो चरणको आर्थिक तथा व्यापारसम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौतामा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ उपप्रधानमन्त्री लिउ हीले हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसमा अमेरिकी केही ठूला व्यापारिक घरानाका व्यक्तिको सहभागीतामा दुवै देशका उच्च अधिकारीबीच गरिएको यो सम्झौतालाई कतिपयले व्यापार युद्ध कम गर्ने विषयको सम्झौता पनि भएको हो भनी बताएका छन् । सो व्यापार सम्झौतामा हस्ताक्षर गरेपछि चिनियाँ उपप्रधानमन्त्री एवम् चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय राजनीतिक व्युरोका सदस्यसमेत रहेका लिउले उक्त सन्देश सबैभन्दा पहिला चिनियाँ राष्ट्रपति सि चिनफिङलाई पठाइएको जानकारी दिएका थिए ।

उपप्रधानमन्त्री लिउ केही समयदेखि जारी रहेको चीन अमेरिका व्यापारक युद्धको समाधानका लागि यस विषयको वार्ता समितिका संयोजक समेत रहेका छन् । यी दुई देशकाबीचमा विगत लामो समयदेखि चलेको व्यापार युद्धका कारण विश्वकै अर्थव्यवस्थामा नकारात्मक असर परेको पनि बताइएको थियो । उपप्रधानमन्त्री लिउको सन्देशपछि चिनियाँ राष्ट्रपति चिनफिङले यो सम्झौताले चीन, अमेरिका र समग्र विश्वलाई नै राम्रो हुने धारणा राखेका थिए । साथै राष्ट्रपति चिनफिङले यस सम्झौताले चीन र अमेरिकासँग आपसी सम्मान, समानता र विश्वासका साथ काम गर्ने क्षमता छ भन्ने कुरा स्पष्ट गरेको धारणा पनि सो सन्देशमार्फत राखेका थिए ।

सम्झौतामा हस्ताक्षरपछि अमेरिकी राष्ट्रपति ट्रम्पले चीनसँग आगामी दिनमा अहिलेका भन्दा अझै राम्रो खालको सम्बन्धको विकास हुने धारणा राखेका थिए। राष्ट्रपति ट्रम्पले आफूले विगतमा कुनै गल्ती गरेको भए पनि दुवै मिलेर एक आपसमा सच्याउने बताए । उनले अमेरिका र चीन मिलेर निर्माण गर्ने आर्थिक न्याय र सुरक्षित भविष्यले यी दुई देशलाई मात्र नभएर विश्वलाई नै फाइदा पुग्ने पनि बताए । 'हालका लागि यो सम्झौता अति आवश्यक रहेको भन्दै यसले आगामी दिनमा विश्वमा थप शान्ति ल्याउने छ र त्यसका लागि हामीले कोसिस गर्नेछौं,' उनले भने ।

यो सम्झौताबाट सबैलाई लाभ हुने र यो सम्झौताबाट हरेक प्रकारले दुवै देशबीच सम्बन्ध सुधार हुनेमा पनि चीनका नेताले विश्वास लिएका छन् । बुधबार ह्वाइट हाउसमा गरिएको सो सम्झौता बमोजिम चीनले अमेरिकी सामानको आयातलाई अहिले भन्दा बढी हुन दिने प्रतिबद्धता जनाएको छ । त्यसैगरी अमेरिकाले पनि चीनका केही उत्पादनमा लगाइएको अतिरिक्त शुल्कमा करिब ५० प्रतिशतसम्म घटाउनका लागि चीन सरकार तयार रहेको जानकारी गराएको छ ।

यसअघि गएको वर्षदेखि नै अमेरिकाले कैयौं चिनियाँ उत्पादनको आयातमा रोक नै लगाएको थियो । त्यसैगरी कतिपय अत्यावश्यकीय चिनियाँ वस्तुमा पनि चीनले भारी मात्रामा अतिरिक्त शुल्क लगाउने गरेको थियो । चीनको यो कार्यको कडा मात्रामा विरोध गरेको अमेरिकाले त्यसको बदलामा अमेरिकाबाट आयात गरिने वस्तुमा पनि सोही प्रकारको निर्णय गरेको थियो ।

## अष्ट्रेलियामा वर्षा, राहतको महसुश

**नोवरा/एजेन्सी-** अष्ट्रेलियामा लामो समयदेखि आगलागी भएको क्षेत्रमा वर्षा भएको छ । देशको पूर्वीक्षेत्रमा पर्ने त्यस क्षेत्रमा बिहीबार वर्षा भएको र राहत महसूस गरिएको अधिकारीले बताएका छन् । अहिलेसम्म नै नभएको ठूलो आगलागीको घटनामा परी कम्तीमा २८ जनाको मृत्यु भइसकेको छ भने लाखौं जनावर पनि जलेर मरेका छन् ।

न्यु साउथ वेल्समा आगलागी भइरहेको र अहिले परेको वर्षाले आगो नियन्त्रण नै हुने अवस्था भने नरहेको अधिकारीले जनाएका छन्। 'आगलागी भएको क्षेत्रमा अहिले वर्षा भएपछि केही राहत महसूस त भएको छ, तर आगलागी नियन्त्रण नै हुने भने देखिएको छैन,' ग्रामीण अग्नी नियन्त्रण सेवाका अधिकारीले सामाजिक सञ्जालमा लेखेका छन्।

वर्षा कति धेरै समय पर्छ र कति ठूलो हुन्छ भन्ने कुराले आगलागी नियन्त्रण हुन्छ की हुँदैन भन्ने निर्धारण हुने उनीहरुले बताएका छन् । आगलागी हुनुभन्दा अगाडीसम्म दर्जनौं ठाउँमा आगलागी भइरहेको विवरण अग्नी नियन्त्रण सेवाका अधिकारीले दिएका थिए । स्थानीय सञ्चारमाध्यमले पनि जलिरहेको जंगलमा वर्षा भएको भिडियो र फोटो प्रकाशन तथा प्रसारण गरेका छन् ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७५/०४/०७ मा दर्ता भएको **प्रा.लि. नं. १९३८४१** को **बि.पि.एन. दर्लामीकन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



**बहराइनमा Security Guard का आवश्यकता**

१. कम्पनी: **SECURI CORE SPC OWNED BY RASHEED AL-FAWAZ** शहर: **BAHRAIN**
पूर्व स्वीकृत मिति: २०७६/०६/१६ पून स्वीकृत मिति: २०७६/१०/०२ चलानी नं.: ६०१४४४४८ पून चलानी नं.: ६५३ LT. No.: 225053

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 28 | 19 | स. काममा दक्ष | 150 | ४४,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Vehicle Driver | 17 | 0 | | 150 | ४४,९६० | | | | | | | |
| 3. | Heavy Vehicle Driver | 5 | 0 | | 170 | ५०,९५५ | | | | | | | |

२. कम्पनी: **AL RAYAH FOR SAFETY ITEMS WLL** शहर: **MANAMA**
पूर्व स्वीकृत मिति: २०७५/१०/०७ पून स्वीकृत मिति: २०७६/१०/०२ चलानी नं.: ६०१३६६५३ पून चलानी नं.: ६५४ LT. No.: 216630

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 88 | 10 | स. काममा दक्ष | 120 | ३५,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Security Guard को हकमा उमेर २१ देखि ४० वर्ष, उचाई ५ फिट ५ इन्च माथि, SLC पासका साथै कामको अनुभव नभएता पनि English बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय तिलगंगा, काठमाडौंमा माघ ९ र ११ गते (23 & 25 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851068774, 9851035867, 9849964370, 9851164164, 9843599530, 9806950385
E-mail : skymanpower200@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com



**UAE मा रोजगार** | कम्पनी: **MAX SECURE SECURITY SERVICES LLC** शहर: **DUBAI**
पूर्व स्वीकृत मिति: २०७६/०९/२२ चलानी नं.: ६०१४९६८० LT. No.: 230273

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 25 | 0 | स. काममा दक्ष | 800 | २५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १० गते (24 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**SWIFT H.R. SOLUTION PVT.LTD**
श्रम इजाजत नं. ११९७/०७३/०७४
samakhushi-26- Kathmandu, Tel.: 01-4352852, 9851154618, 9860067074, 9801052384 9841533107, Email: Swifthr12@gmail.com, Web: www.swifthrsolution.com


# ट्रम्पविरुद्ध महाअभियोग प्रस्ताव सिनेटमा



**वासिङटन/एजेन्सी-** अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध महाअभियोग लगाउने प्रस्ताव अमेरिकी संसद्को तल्लो सदन, हाउस अफ रिप्रेजेन्टेटिभ्स्ले सिनेटमा पठाएको छ । हाउस अफ रिप्रेजेन्टेटिभ्स्ले महाअभियोगको प्रस्ताव माथिल्लो सदनमा पठाउने प्रस्ताव मंगलबार पारित गरेको प्राप्त समाचारमा जनाइएको छ ।

यसअघि हाउस अफ रिप्रेजेन्टेटिभ्स्मा उनीमाथि महाअभियोग लगाउनेसम्बन्धी प्रस्तावमा मतदान हुँदा २२८ जनाले माथिल्लो सदनमा पठाउने पक्षमा मतदान गरेका थिए भने १९३ जनाले विपक्षमा मतदान गरेका थिए । हाउस अफ रिप्रेजेन्टेटिभ्स्का सभामुख नान्सी पेलोसीले राष्ट्रपति ट्रम्पलाई महाअभियोग लगाउने प्रस्ताव अमेरिकी संसदको माथिल्लो सदन अर्थात् सिनेटमा पठाउने प्रस्ताव पारित भएको घोषणा गरेका थिए । हाउस अफ रिप्रेजेन्टेटिभ्स्मा राष्ट्रपति ट्रम्पको पार्टी रिपब्लिकनका सांसद थेरै रहेपनि सिनेटमा भने रिपब्लिकनका सांसद धेरै रहेका छन् ।

सिनेटमा पठाइएको प्रस्तावको बाँकी प्रक्रिया अर्को हप्ताबाट अघि बढ्ने बताइएको छ । प्रस्ताव पारित भएपछि राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल ट्वीटरमा लेखेका छन्, 'हामी फेरी अगाडि बढ्ने छौं, डेमोक्र्याटले केही गर्नसक्दैनन् ।' अमेरिकाको इतिहासमा यसरी संसद्को तल्लो सदनबाट महाअभियोग लगाइएका राष्ट्रपतिमध्ये ट्रम्प तेस्रो राष्ट्रपति भएका छन् । विपक्षीले ट्रम्पलाई शक्तिको दुरुपयोग गरेको, संसद्को काम कारबाहीमा अवरोध पुऱ्याएको लगायतका आरोपसहित महाअभियोग लगाउन प्रस्ताव गरेका हुन् ।

राष्ट्रपति ट्रम्प र उनका समर्थकले भने ती आरोप अस्विकार गरी ती प्रस्तावका विरुद्धमा खण्डन गर्दै आएका छन् । उनीहरुले ट्रम्प विरुद्धको महाअभियोगको प्रस्तावलाई पक्षपातपूर्ण र आक्रोशबाट चालिएको कदमको संज्ञा दिँदै आएका छन् । हाउस अफ रिप्रिजेन्टेटिभ्सले गत महिना राष्ट्रपति ट्रम्प विरुद्धको महाभियोग प्रस्ताव पारित गरेको थियो । माथिल्लो सदनले पनि सो प्रस्ताव पारित गरेमा राष्ट्रपति ट्रम्पको बहिर्गमन हुनेछ ।

महाभियोग लागेर पदच्यूत भएपनि निर्वाचनमा उम्मेद्वार हुन भने रोक्न नमिल्ने अमेरिकी व्यवस्था छ । माथिल्लो सदन सिनेटले उहाँलाई भविष्यमा निर्वाचित पद लिन नपाउने भनेर अर्को प्रस्ताव पारित गरेमा मात्रै उहाँ राष्ट्रपतिको उम्मेद्वार हुनबाट बञ्चित हुनेछन्। ट्रम्पलाई समर्थन गर्ने र उनको विरोध गर्नेहरू पहिले भैं विभाजित छन् । विरोधीले महाअभियोगको प्रस्तावले ट्रम्पलाई नकारात्मक असर पारेको ठानेका छन् भने समर्थकले यसबाट कुनै असर नपरेको दाबी गरेका छन् ।


**Saudi मा रोजगार** | कम्पनी : **THE POWER OF DEVELOPMENT FOR OPERATION & MAINTENANCE** शहर : **SAUDI**
पूर्व स्वीकृत मिति: २०७६/१०/०२ चलानी नं.: ६०१४९४५२ LT. No.: 230395

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 13 | 0 | स. काममा दक्ष | 1000 | ३०,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १० गते (24 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4481208, 4481209, Fax: 4481210



**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: **AJMAN PROPERTIES CORPORATION AQAAR** शहर: **DUBAI**
पूर्व स्वीकृत मिति: २०७६/१०/०२ चलानी नं.: ६०१५०१४२ LT. No.: 231234

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gardeners/farmer | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३०,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Room Attendant/housing Attendant | 20 | 10 | | 1200 | ३६,९२५ | | | | | | | |
| 3. | Cleaner/general Labor/house Keeping | 25 | 10 | | 1000 | ३०,७७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा माघ १० गते (24 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिजा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार बिभाग बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आइ.एम.एस. म्यानपावर प्रा. लि.**
Govt. Lic. No. 443/060/061
पो.ब.नं. ८९७३, एनपिसि ७१८, सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४६४७७०, फ्याक्स: ४४६५०४९
Email: info@imsmanpower.com, imsmanpower@yahoo.com, imsmanpower2@gmail.com
Web: www.imsmanpower.com.np



**मलेशियामा रोजगारको अवसर** | कम्पनी : **MAGNIKLEEN SERVICES SDN.BHD.** शहर: **KULAL LUMPUR**
पुर्व स्वीकृत मिति: २०७६/०९/१६ चलानी नं.: ६०१४९४०७ LT. No.: 230124

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 1 | 0 | स. काममा दक्ष | 1100 | ३०,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा माघ १० गते (24 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-34, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

# बक्स अफिस समाचार

## चलचित्र सम्पादनमा रचनात्मक नाम 'साहिल खान'

मध्यान्ह संवाददाता
काठमाडौं, २ माघ

एघार वर्षअघि चलचित्र नगरीको क्षेत्रमा प्रवेश गरेका साहिल खान यतिबेलाका चर्चित चलचित्र सम्पादक हुन् । यस क्षेत्रमा काम गर्ने निर्देशक तथा कलाकारहरुको नजरमा त उनी नेपालकै नंम्बर १ चलचित्र सम्पादक हुन् । कपिलबस्तु जिल्लाको रंगपुरमा सन् १९८७मा जन्मिएका उनी उमेरले भने धेरै पाको होइनन् । जति उनी आफनो चलचित्र सम्पादकको क्षेत्रमा पाको छन् ।

कलिलै उमेरमा काठमाडौं छिर्दा उनलाई चलचित्र नगरीको सेवक हुन्छु भन्ने थोरै पनि लागेको थिएन । परिस्थिति त हो जसले जहाँपनि पुर्‍याउँछ । परिस्थिति र रुची समेतले उनलाई डोर्‍याउँदै चलचित्र नगरी सम्म ल्यायो । १७ वर्षकै उमेरमा काठमाडौं छिरेका साहिलका सुरुवाती दिनहरु कम्ता संघर्षमय थिएनन् । सानै उमेरदेखि चलचित्र क्षेत्रलाई आफनो सपना बनाएका भएपनि उनी चलचित्र सम्पादक नै बन्ने कुनै कल्पना थिएन । उनी भन्छन् 'म सानैदेखि चलचित्र क्षेत्र रुचाउने, कुनै नयाँ चलचित्र रिलिज भयो की कयौं किमि हिँडेरै हलमा पुग्थे' ।



चलचित्र एडिटर बन्ने दौरानमा उनले सुरुको २ वर्ष एरिना मल्टी मिडियामा चलचित्र एडिटिङ सम्बन्धी अध्ययन गरे । त्यसपछी उनले यस क्षेत्रमा संघर्ष गर्न थाले । सन् २००८ बाट त उनी क्रमशः व्यवसायिक एडिटर नै भए । र, यसबीच उनले झण्डै ३ दर्जन चलचित्रहरुको एडिटिङ गरिसकेका छन् । उनले काम गरेको चलचित्रहरुको नाम लिंदा 'रामियो', 'मेला', 'सकुन्तला', 'आवेग','च्याम्पियन', 'वेष्ट फ्रेण्ड', 'फरइभर', 'लभ स्टेशन', 'रामकहानी', 'क्याप्टेन', 'ए मेरो हजुर-३', 'छिरिङ', 'साङलो' लगायत पर्दछन् । त्यसैगरी उनको आउँदै गरेका चलचित्रहरुमा 'म यस्तो गाँउछु २', 'प्रेमगीत ३', 'ए मेरो हजुर ४' लगायत रहेका छन् । राम्रो काम गरेकै कारण आफुले अधिकाशं चलचित्र निर्देशक निर्माताहरुबाट माया पाएका खान बताउँछन् ।

साहिललाई चलचित्र एडिटिङको क्षेत्रमा काम थालेदेखि पछाडी फर्केर हेर्न परेको छैन । यस क्षेत्रले उनको आर्थिक अवस्था पनि उकासेको छ । उनको कामले नै यस क्षेत्रमा जमेका साहिलले विगत ६ वर्षयता आफनै कम्पनी 'पोष्ट प्रोडक्सन' खोलेका छन् । जसमा उनले ६ जनालाई रोजगार बनाएका छन् । उनले एउटा चलचित्र एडिटिङ गरेको औसतमा ३-४ लाख लिने गरेका छन् ।

उनले कामको सिलसिलामा धेरै मान्छेहरु चिने, धेरै चर्चित कलाकार हरुसँग काम गरे, अनुभव बटुले र पैसा पनि कमाए । जसकारण उनी आफनो पेशाबाट खुशी र सन्तुष्ट छन् । उनले हालसम्म 'एलजी चलचित्र अवार्ड', 'बक्स अफिस अवार्ड', 'डी सिने अवार्ड', 'म्यूजिक भिडियो अवार्ड, 'इपिआइसी नेपाल म्युजिक अवार्ड २०७५', 'वेष्ट भिडियो एडिटर अवार्ड', 'डि सिनेमा अवार्ड २०७६' जस्ता थुप्रै र पुरस्कार पाइसकेका छन् ।

यस क्षेत्रमा योगदान दिने सिलसिलामा उनी हाल नेपाल प्राविधिक संघको वोर्ड सदस्य रहेका छन् । उनले कान्तिपुर चलचित्र एकेडेमीमा चलचित्र सम्पादनको अध्यापन पनि गर्दै आएका छन् । यस क्षेत्रमा आउन सार्प, फोकस र अहिलेको ट्रेन्डसँग हिँड्नसक्ने हुनुपर्ने बताउँछन् । चलचित्रको लागि एडिटिङ अत्यन्त संवेदनशील र महत्वपुर्ण रहेको उनको अनुभव छ । उनको काम, नयाँ प्रयोग तथा नौलो परिकल्पना आदिले आज आएका नयाँ चलचित्र सम्पादकहरुले समेत खानको अनुसरण गर्दै आएका छन् ।

## विवादमा आस्था



काठमाडौं/मस- गायिका आस्था राउतको प्रहरीमाथिको आक्रोशको भिडियो विवादमा फसेको छ । विवादित भिडियो यतिबेला सामाजिक सञ्जालमा भाइरल भएको छ र सर्वत्र चर्चाको विषय बनेको छ । उनले सामाजिक सञ्जालमा सार्वजनिक गरेको भिडियोमा विमानस्थलमा आफुलाई प्रहरीले आदर नगरी बोलेको र अपमान गरेको भन्दै आक्रोश पोखेकी छन् ।


एयरपोर्टमा चेकिङका क्रममा महिला प्रहरीले एउटा महिला कलाकारलाई नै अपमानित गरेकोमा उनले चित्त दुखाएकी छन् । चेकिङका क्रममा महिला प्रहरीले आफूलाई 'तँ' भनेको भन्दै भिडियोमार्फत् आस्थाले आक्रोशि पोखेकी हुन् । उनले भनेकी छिन्, 'एरपोर्टबाट ३३ किलो सुन छिर्छ, ड्रग्स छिर्छ । तर एउटा महिलाले महिलालाई सम्मान गर्न सक्दैनौ । एउटा कलाकारको सम्मान छैन । मेरो हातमा कफि छ गोजीमा छाम्नुस्, मलाई ढिला भैसक्यो भन्दा खोल ज्याकेट खोल रे । त्यही हो बोल्ने पारा । यो पुलिस हाम्रो साथी भन्ने नारा हटाए हुन्छ ।' विशेष गरेर माथिल्लो पदमा रहेका प्रहरी अधिकारीहरूमा मात्र उच्च आदरराथी शब्दको प्रयोग हुने र तल्लो तहका अधिकारीहरूमा बोल्ने शैली र हेक्का नै नभएको आरोप लगाएकी छन् ।

उनले भिडियोमा पदमा बस्नेलाई सम्मान गर्ने र सर्वसाधरणलाई अपमान गर्ने प्रहरीहरूको व्यवहार परिवर्तन गर्न समेत आग्रह गरेकी छन् । आक्रामक शैलीमा उनले थपेकी छन्, 'यो नेपाल प्रहरीको जरा नै दुर्गन्धित छ । टुप्पामा दर्शन भनेर हुन्छ? टुप्पाबाट दर्शन, यत्रो दर्शन । कस्तो दर्शन हो यो । जरा नै कुहिएको छ, पहिला जरा मलजल गर ।' प्रहरीले वर्दी लगाएकै भरमा सर्वसाधारणलाई धम्काउने गरेको जनतालाई स्वीकार्य नहुने बताएकी छन् ।

'टुप्पामा मात्र राम्रो भएर हुँदैन तल्लो तहका सिपाही, हवल्दारहरूलाई पनि संस्कार सिकाउनुहोस्, आफूलाई मात्र होइन सबैलाई हजुर भनेर सम्बोधन गर्न सिकाउनुहोस्', भिडियोमा आस्थाले नेपाल प्रहरीलाई सुझाव दिँदै भनेकी छन्, 'सम्मान चाहिन्छ भने सम्मान गर्न पनि सिक ।' जीवनमा आफूलाई आफ्नै बा-आमाले पनि 'तँ' नभनेको तर चेकिङमा प्रहरीले 'तँ' भनेकोप्रति उनी आक्रोशित भएकी हुन् ।

प्रहरी प्रधान कार्यालय, नक्सालले राउतको उक्त भिडियोको छानविन गर्न निर्देशन दिएपछि अनुसन्धान सुरु भएको हो । केन्द्रीय प्रहरी प्रवक्ता शैलेश थापा क्षेत्रीले महानगरीय प्रहरी आयुक्तको कार्यालय रानीपोखरीलाई अनुसन्धानका लागि निर्देशन दिइसकिएको बताए । प्रवक्ता क्षेत्रीले राउतमाथि दुर्व्यवहार भएको भए त्यो गलत हुने बताउँदै भने, 'तर, उहाँले जसरी बोल्नु भएको छ, त्यो शैली पनि संस्कारजन्य चाहिँ देखिएन ।' प्रकरणमा दोषी देखिने पक्षमाथि कारबाही हुने उनले बताए ।

## सौगात र सृष्टिको भिन्न लुक्स



काठमाडौं/मस- चलचित्र 'माइकल अधिकारी'को छायांकन सुरु भएको छ । माघे संक्रान्तिको अवसर पारेर बुधवार झापाको विर्तामोडबाट सौगात मल्ल र सृष्टि श्रेष्ठको प्रमुख भूमिका रहने चलचित्रको छायांकन सुरु भएको हो । छायांकन सुरु गर्नुभन्दा अगाडि निर्माण टिमले चलचित्रको नाम अंकित केक काटेर सेलिव्रेसन गरेको थियो । गोपीकृष्ण मुभिजको ब्यानरमा निर्माण हुने यस चलचित्रको निर्देशन रञ्जित रौनियारले गर्नेछन् । सेरोगेसीको कथामा आधारित भएर निर्माण हुन लागेको चलचित्रमा सौगात र सृष्टिसँगै अशान्त शर्मा, एनी कुँवर, हेमन्त बुढाथोकी, बिद्या कार्की, सुजना ढकाल, दिलिप बोहरा लगायत कलाकारहरुको अभिनय रहनेछ । त्यस्तै चलचित्रमा झापाको चर्चित नाट्य समुह परिवर्तन थियटरका कलाकारहरुले पनि अभिनय गर्ने अवसर पाएका छन् । चलचित्रलाई आउँदो चैत २८ गते प्रदर्शन गर्ने तयारी निर्माण टिमको रहेको छ । छायांकन सुरु भएसँगै निर्माण टिमले सौगात र सृष्टिको लुक्स पनि सार्वजनिक गरेको छ । सार्वजनिक गरिएको तस्विरमा रातो कुर्था सुरुवाल लगाएकी अभिनेत्री सृष्टिको सिउँदोमा सिन्दुर, हातमा चुरा र गलामा पोते देखिएको छ । त्यस्तै, सौगातले टाउकोमा नक्कली कपाल (विग) लगाएका छन् । यी दुईको लुक्स हेर्दा पनि चलचित्रमा उनीहरु श्रीमान्-श्रीमतीको भूमिकामा रहने अनुमान गर्न सकिन्छ । 'माइकल अधिकारी' मा उनीहरु आर्थिक अवस्था कमजोर भएको जोडीको रुपमा देखिँदैछन् । चलचित्रमा सृष्टिले पैसाका लागि अरुलाई बच्चा जन्माउने विवाहित महिलाको भूमिका निर्वाहा गर्दैछिन् भने अभिनेता सौगातले यसमा आफू अहिलेसम्मकै भिन्न अवतारमा देखिन लागेको बताए । त्यस्तै, अभिनेत्री सृष्टिले यो चलचित्रबाट आफूले काम देखाउने अवसर पाएको बताइन् । रौनियार निर्देशित चलचित्रका प्रस्तुतकर्ता उद्धव पौडेल हुन् भने निर्माता निरक पौडेल हुन् । विर्तामोड र इलाममा खिचिने चलचित्रमा राजु बिक्रम थापाको छायांकन, निर्देशक रञ्जित रौनियार स्वयंको कथा, शैलेश कंडेल क्षेत्रीको पटकथा तथा संवाद रहनेछ । चलचित्रमा शम्भुजित बाँस्कोटा र निलेश सिंहको संगीत तथा कविराज गहतराज र रामजी लामिछानेको कोरियोग्राफी रहनेछ ।

## 'निफ'को तेस्रो संस्करण फागुनमा




काठमाडौं/मस- तेस्रो नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) आगामी फागुन १ देखि ५ गतेसम्म काठमाडौंमा सञ्चालन हुनेभएको छ । नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा हुने महोत्सवमा ७९ चलचित्र प्रदर्शन हुनेछन् । महोत्सवबारे जानकारी दिने उद्देश्यले प्रतिष्ठानद्वारा बिहीबार यहाँ आयोजित कार्यक्रममा सहरी विकास राज्यमन्त्री तथा चलचित्रकर्मी रामवीर मानन्धरले चलचित्र क्षेत्रले राष्ट्रको पहिचानलाई बढवा दिने बताए ।

मुलुकको विकास र समृद्धिमा कलाकारिता क्षेत्रले महत्वपूर्ण भूमिका खेल्न सक्ने हुँदा राष्ट्रिय महत्वका विषयहरुलाई प्रचारप्रसारमा ल्याउन आग्रह गर्दै उनले राष्ट्रलाई चिनाउने ढंगले चलचित्रमा विषयवस्तु समावेश गर्न र राष्ट्र एवं राष्ट्रियतालाई सर्वोपरी मानेर चलचित्र बनाउन सुझाव दिए । राज्यमन्त्री मानन्धरले भने, 'भारत अमेरिकालगायत देशहरुले राष्ट्रिय पहिचानलाई चलचित्रमा महत्व दिएका हुन्छन् तर नेपाली चलचित्रमा त्यस्तो पाउन सकिएको छैन् ।'

अभिनेता नीर शाहले राष्ट्रिय चलचित्र उद्योगको विकास र प्रवर्द्धनका लागि विभिन्न संस्थाहरु सक्रिय रहनु सकारात्मक संकेत भएको उल्लेख गर्दै नेपाली चलचित्रलाई अन्तर्राष्ट्रियकरण गर्नका लागि सबैको सहयोग अपरिहार्य छ भने । प्रतिष्ठानका अध्यक्ष केपी पाठकले १० अन्तर ाष्ट्रिय चलचित्र, ३५ लघु चलचित्र, ५ नेपाली चलचित्र र १५ नेपाली लघु चलचित्र तथा आठ वृतचित्र र ६ एनिमेटेड चलचित्र गरी ७९ चलचित्र प्रदर्शन गरिने जानकारी दिए । उनले ५५ देशबाट प्राप्त ६०० चलचित्रबाट उत्कृष्ट छनिएका मात्र प्रदर्शन गरिने जानकारी दिए । 'विगतमा कथानक चलचित्र मात्र प्रदर्शन गरिन्थ्यो', उनले भने, 'यो वर्ष एनिमेसन र वृत्तचित्र विधा पनि थप गरिएको हो ।' महोत्सवमा सबै विधाका उत्कृष्ट चलचित्रलाई पुरस्कृत गरिने पनि उनले जानकारी दिए ।

अन्तर्राष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत कथानक फिल्मलाई एक हजार ५०० अमेरिकी डलरसहित गौतमवुद्ध अवार्ड, सर्वोत्कृष्ट वृतचित्रलाई एक हजार डलरसहित माउन्ट एभरेष्ट अवार्ड, सर्वोत्कृष्ट एनिमेटेड चलचित्रलाई ७५० डलरसहित मञ्जुश्री अवार्ड र सर्वोत्कृष्ट लघु चलचित्रलाई ५०० डलरसहित वाग्मती अवार्ड प्रदान गरिने छ । फेस्टिभलमा प्रदर्शन हुनेमध्ये कथानक चलचित्रलाई बलिउड फिल्म निर्देशक प्रकाश झा नेतृत्वको निर्णायक मण्डलले मूल्यांकन गर्नेछन् । यसमा गौरी मल्ल, मञ्जुकुमार श्रेष्ठ, पोर्जुगिज फिल्ममेकर जाओपाओलो, र सिंगापुरका फिल्ममेकर युनि हाडी सदस्य रहनेछन् ।

वृत्तचित्र, लघु चलचित्र तथा ऐनिमेटेड चलचित्रमार्फतको जुरीको नेतृत्व श्रीलंकाली फिल्ममेकर अनोमा राजाकरुणाले गर्नेछन् भने उनलाई थिबाउट फ्रेक र करुण थापाले सघाउने छन् । नेपाली प्रतिस्पर्धाअन्तर्गत कथानक चलचित्रलाई रु एक लाखको पुरस्कार र उत्कृष्ट लघु चलचित्रलाई रु ४० हजारको पुरस्कार प्रदान गरिने छ । कथानक चलचित्रमार्फत्का उत्कृष्ट निर्देशक, लेखक, छयाकार अभिनेता, र अभिनेत्रीलाई ट्रफी प्रदान गरिनेछ । महोत्सवमा फिल्म प्रदर्शनसँगै विभिन्न विषयमा छलफल पनि सञ्चालन हुनेछन् । छलफलमा नायक राजेश हमालले आफ्नो अभिनय यात्राका बारेमा अनुभव सुनाउने छन् ।


### श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.
(ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ३, पुल्चोक ।) को

### गैह्र बैकिङ्ग/सहकारी सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७६/१०/०३ गते, शुक्रबार ।

यस संस्थाको नाममा रहेको तपशिल विवरणमा उल्लेखित गैह्र बैकिङ्ग/सहकारी सम्पत्ति (सवारी साधनहरू - ट्रिपर) जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रि गर्ने बारे ७ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८औं दिन उक्त सम्पत्ति (सवारी साधनहरू - ट्रिपर) खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ/ संस्थाहरुले निम्न बमोजिमका शर्तहरुको अधिनमा रही यस संस्थाको मुख्य कार्यालय ललितपुर-३, पुल्चोकमा प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

तपशिल

| सम्पत्तिको विवरण | | | |
|---|---|---|---|
| सि.नं. | सवारी साधन नं. | च्यासिस नं. | ईञ्जिन नं. |
| १ | प्रदेश नं. ३ ०३ ००१ क ००४९ | MAT388116G1R15653 | 61F63526469 |
| २ | प्रदेश नं. ३ ०३ ००१ क ००५० | MAT388116G1R19092 | 61G63536165 |
| ३ | प्रदेश नं. ३ ०३ ००१ क ००५१ | MAT388116G1R19105 | 61G63536166 |
| ४ | प्रदेश नं. ३ ०३ ००१ क ००४८ | MAT388116G1R19256 | 61G63536164 |
| ५ | प्रदेश नं. ३ ०३ ००१ क ००४६ | MAT388116G1R18315 | 61G63533491 |
| ६ | प्रदेश नं. ३ ०३ ००१ क ००४७ | MAT388116G1R18721 | 61G63534116 |

शर्तहरु :

१. लिलाम बिक्री गरिने सम्पत्तिको स्थलगत निरीक्षण गर्न चाहेमा, कागजपत्रहरु हेर्न चाहेमा र सवारी साधनको न्यूनतम मुल्य बुझ्न चाहने प्रस्तावकहरुले बोलपत्र पेश गर्नु अगावै संस्थाको मुख्य कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।
२. लिलाम बिक्री गरिने सम्पत्ति खरिद गर्न इच्छुक प्रस्तावकहरुले यो सूचना प्रकाशित भएको मितिले ७औं दिन सम्म दिनको २:०० बजे देखि ४:०० बजे सम्म बोलपत्र फारम खरिद गरी दर्ता गर्न सकिनेछ ।
३. बोलपत्र फारम संस्थाको मुख्य कार्यालयबाट रु.१,०००/- (अक्षरुपी एक हजार मात्र) तिरी फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
४. बोलपत्र फारममा आफूले बोल कबोल गरेको रकम अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफूले चाहेको चल सम्पत्तिको विवरण संस्थाबाट प्रकाशित सूचनाको आधारमा भर्नुपर्नेछ ।
५. लिलाम बिक्रीमा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने प्रस्तावकले आफुले कबोल गरेको रकमको १०% ले हुने रकम नगदै धरौटी वापत संस्थामा बुझाउनु पर्नेछ ।
६. लिलाम बिक्री गरिने सम्पत्ति खरिद गर्ने प्रस्तावकले संस्थाबाट लिलाम बिक्री निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पती बुझि नलिएमा धरौटी बापत रहेको १०% रकम स्वत जफत हुनेछ ।
७. लिलाम बिक्री प्रकृयाबाट खरिद गर्ने प्रस्तावकले उल्लेख गरिएको मूल्यको १०% रकम सोही दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम प्रस्ताव गर्ने प्रस्तावकको नाममा लिलाम बिक्री गरिनेछ ।
८. रित नपुगेको वा म्याद नाघि आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार संस्थामा नै निहित रहनेछ ।

बोलपत्र खोलिने मिति, समय र स्थानः

बोलपत्र खोल्ने मिति : २०७६/१०/१० गते, शुक्रबार ।
समय : बिहान २:०० बजे देखि दिनको ४:०० बजे सम्म
स्थान : संस्थाको मुख्य कार्यालय, ललितपुर-३, पुल्चोक

विस्तृत जानकारीको लागिः
श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.
मुख्य कार्यालयः ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. ३, पुल्चोक ।
पो.ब.नं. ८९७५, ई.पि.सी. २४४३ फोन नं. ५५४६१८०, ५००९०१२, ५००९१०१, ५५३२८५५
Email : shreelaligurans@gmail.com | URL: www.shreelaligurans.coop.np



### कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनीः GRAND HYPER MARKET CENTRAL COMPANY WLL शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०७६/०३/०४ पून स्वीकृत मितिः २०७६/१०/०२ चलानी नं.: ६०१४१०२७ पून चलानी नं.: ६५५ LT.No.: 221376

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Lady | 0 | 16 | स. काममा दक्ष | 120 | ४४,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता गोकर्ण रिसोर्ट इटहरी, सुनसरीमा माघ १० गते (24 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

LUCKY H.R. Solution Pvt. Ltd.
श्रम इजाजत नं. ८७५/०६६/०६७
लक्की एच.आर. सोलुसन प्रा. लि.
जावलाखेल, ललितपुर, नेपाल, फोनः ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Mob.: 9801182626, 9801182638, 9801182627, 9803611777, 9810307862
Email- info@merocvs.com / info@luckyhrsolution.com



### काठ /दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०७६/१०/०३ गते

श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-१०, सुर्खेतको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको (ए) ग्रेडको खोटे सल्लो गोलिया काठ ८ थान ११६.८६ क्यू.फिट, (बी) ग्रेड साल गोलिया काठ २० थान १८६ क्यू.फिट, खोटे सल्लो गोलिया काठ २१ थान १५७.०३ क्यू.फिट, (सी) ग्रेड साल गोलिया काठ १०५ थान ५४७.७६ क्यू.फिट, जम्मा साल गोलिया काठ १२५ थान ७३३.७६ क्यू.फिट, खोटे सल्लो गोलिया काठ २९ थान २७३.८९ क्यू.फिट गरी कुल १५४ थान १००७.६६ क्यू.फिट र साल जातको दाउरा ०.५ चट्टा, अन्य जातको दाउरा ०.५० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-१०, सुर्खेतका सूचना पाटीमा टाँस गरिएको छ ।

श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह
पञ्चपुरी न.पा.-१०, सुर्खेत

# उपाधिका लागि आर्मी र पुलिस भिड्ने




मध्यान्ह संवाददाता
काठमाडौं, २ माघ

मनमोहन मेमोरियल एक दिवसीय (एमएम) राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधिका लागि दुई विभागीय टोली नेपाल पुलिस र आर्मी भिड्ने भएका छन्। इनरुवा खेल मैदानमा विहीबार भएको सेमिफाइनलमा सुदूरपश्चिम प्रदेशलाई ९९ रनले पराजित गर्दै नेपाल पुलिसले फाइनलमा आर्मीसँगको भेट पक्का गरेको हो।

पुलिसले दिएको २ सय ३० रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमले मात्र १ सय ३० रन जोड्न सक्यो। पुलिसका सागर ढकालले उत्कृष्ट वलिङ गर्दै ५ विकेट लिएपछि सुदूरपश्चिम ३३ दशमलव ४ ओभरमा अलआउट हुन पुगेको थियो। ६ दशमलव ४ ओभर वलिङ गरेका ढकालले १ मेडन ओभर सहित मात्र ९ रन खर्चिएका थिए।

त्यस्तै ललित राजबंशीले ३ विकेट लिएको खेलमा ललित भण्डारी र योगेन्द्र सिंह कार्कीले समान एक एक विकेट हात पारे। सुदूरपश्चिमका किरण ठगुन्नाले सर्वाधिक ३९ रन जोडे। आकाश चन्दले २३ रन बनाए भने खडक बोहराले १४ र गजेन्द्र बोहराले १२ रन बनाउनु बाहेक अन्य ब्याट्सम्यान चल्न सकेनन्।

त्यस अघि टस जितेर पहिलो ब्याटिङ गरेको नेपाल पुलिसले ४९ ओभरमा सबै विकेट गुमाएर २ सय २९ रन बनाएको थियो। पुलिसका लागि दिपेन्द्र ऐरीले सर्वाधिक ६८ रन बनाए। ललित सिंह राजभण्डारीले ४० रन बनाए भने अनिल साहले ३१, योगेन्द्र सिंह कार्कीले २९ र कुशल भुर्तेलले १७ रनको पारी खेले। सुदूरपश्चिमका शेर मल्ल, आकाश चन्द र बिनोद लामाले समान ३/३ विकेट लिए। थप एक विकेट सन्तोष भट्टले हात पारे। सागर ढकाल खेलको प्लेयर अफ द म्याच घोषित भए। फाइनल खेलमा शनिबार नेपाल पुलिस र आर्मीले प्रतिस्पर्धा गर्ने छन्। पहिलो सेमीफाइनल खेलमा आर्मीले बागमती (प्रदेश तीन) प्रदेशलाई पराजित गर्दै यसअघिनै फाइनलमा स्थान सुरक्षित गरिसकेको छ।

## प्रशिक्षक पटवाल पोखरामा

**काठमाडौं, मस–** नेपाली राष्ट्रिय क्रिकेट टिमका मुख्य प्रशिक्षक उमेश पटवाल नेपाल फर्किएका छन्। व्यक्तिगत कारण देखाउदै भारत गएका पटवाल विहीबार काठमाडौं आईपुगेका हुन्। विश्वकप छनोटको रुपमा रहेको आईसीसी विश्व क्रिकेट लिग-टु को बन्द प्रशिक्षणका लागि पटवाल पोखरा गइसकेको नेपाल क्रिकेट संघ क्यानले जनाएको छ। विहीबार पोखरा पुगेका पटवाल शुक्रबारदेखि नेपाली टिमसँग मैदानमा अभ्यासका लागि उत्रने जनाइएको छ। विश्वकप क्रिकेट लिग टु अन्तर्गत अमेरिका र ओमानसँगको सिरिजका लागि नेपालले प्रशिक्षक पटवाल बिनै बुधबारबाट पोखरामा बन्द प्रशिक्षण सुरु गरेको थियो। नेपाली टिमलाई पटवाल राखेपका मुख्य प्रशिक्षक जगत टमाटाले अभ्यास गराएका थिए। गत पुस २५ गतेबाट पोखरामा बन्द प्रशिक्षण गर्ने भनिए पनि खराब मौसमको कारण केहि दिन खेलाडीले काठमाडौंमै इन्डोर प्रशिक्षण गरेका थिए।

पहिलो दिन पोखरा रंगशालामा अभ्यास गरेको नेपाली टोलीले विहीबार खराब मौसका कारण इन्डोर प्रशिक्षण मात्र गरेको छ। राष्ट्रिय टिमको प्रशिक्षण सुरु भए पनि सबै खेलाडी भने बन्द प्रशिक्षणमा सहभागी भएका छैनन्। सुनसरीमा जारी मनमोहन मेमोरियल (एमएम) कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताको कारण धेरै खेलाडी बन्द प्रशिक्षणमा सामेल भएका छैनन्।

# 'ए' डिभिजन लिगमा शेर्पा र मछिन्द्र भिड्दै

**काठमाडौं, मस-**शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगिताअन्तर्गत सातौं चरणका खेल शुक्रबारदेखि शुरु हुँदै। अखिल नेपाल फुटबल सङ्घ (एन्फा) को आयोजनामा जारी उक्त प्रतियोगिता अन्तर्गत शुक्रबार एउटा मात्रै खेल हुने छ। शुक्रबार मछिन्द्र फुटबल क्लबले हिमालयन शेर्पा क्लबसँग खेल्नेछ। मछिन्द्र आफ्नो शीर्ष स्थानको अग्रता कायम राख्ने योजनामा छ। यसअघि खेलेको छैटौं खेलसम्म मछिन्द्रले अपराजित रहेर १३ अङ्क जोडेको छ। मछिन्द्रले चार खेलमा जीत तथा दुई खेलमा बराबरी खेलेको छ। शेर्पा लिगको पुछारबाट दोस्रो स्थानमा छ। १३ औं स्थानको शेर्पाले छ खेलमा दुई हार र चार बराबरीसहित चार अङ्क जोडेको छ।

त्यसैगरी समान १३ अङ्क नै जोडेको त्रिभुवन आर्मी क्लब दोस्रो स्थानमा छ भने साविक विजेता मनाङ मर्स्याङ्दी तेस्रो स्थानमा छ।

मनाङको १२ अङ्क छ। छैटौं चरणको खेल समाप्तिसँगै १० अङ्क जोडेको थ्रिस्टार क्लब चौथो, नौ अङ्क जोडेको जाउलाखेल क्लब पाँचौं, आठ अङ्क जाडेको न्यूरोड टिम (एनआरटी) छैटौं, समान आठ अङ्क नै जोडेको नेपाल पुलिस क्लब सातौं तथा आठ अङ्क नै रहेको सङ्टा क्लब गोलअन्तरका आधारमा आठौं स्थानमा छ।

त्यस्तै सात अङ्कका साथ व्रिगेड व्वाइज क्लब नवौं, छ अङ्कका साथ च्यासल युथ क्लब दशौं, पाँच अङ्क रहेको सशस्त्र प्रहरी बल (एपिएफ) एघारौं, समान पाँच अङ्क नै जोडेको फ्रेण्डस क्लब बाह्रौं स्थानमा छ भने हिमालयन शेर्पा तेह्रौं स्थानमा छ। जारी लिगमा एक अङ्क मात्र जोडेको सरस्वती युवा क्लब अन्तिम स्थानमा छ।

# गणेशमान सिंह स्मृति किक बक्सिङ सुरु

**ललितपुर, मस–** ललितपुर जिल्ला किक बक्सिङ संघको आयोजनामा वीर गणेशमान सिंह स्मृति तेश्रो राष्ट्रिय खुला किक बक्सिङ प्रतियोगिता बिहीबारदेखि ललितपुरको चापागाउँस्थित प्याङगाउँमा सुरु भएको छ। प्रतियोगिताको पूर्व प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले एक कार्यक्रमबीच उद्घाटन गरे।

पहिलो दिन पुरुष ५५ केजीमा रेजका मदनकृष्ण डंगोल, मकवानपुरका सागर राई, मुवाँथाईका दावा फुन्जो शेर्पा, सो क्योकुसिनका मनीष दर्लामी, उसुका जीवन विष्ट, नेपाल प्रहरीका दीपेन्द्र सिन्जाली मगर, नेपाल आर्मीका तारा तामाङ र एपीएफका फुर्वा शेर्पा क्वाटरफाइनलमा प्रवेश गरे।

महिला ५० केजीमा आर्मीकी रुविका खड्का, आईकेकेएफकी करिष्मा कार्की, सो क्योकुसिनकी दीपा शाही, एपीएफकी सन्जुमाया थिङ, मुवाँथाईकी डेनिका राई, आर्मीकी शान्ति थापा मगर र अञ्जना ढुंगेल क्वाटरफाइनलमा पुगे। तीनदिने प्रतियोगितामा १ सय २२ खेलाडीले ११ स्पर्धामा प्रतिस्पर्धा गरिरहेका छन्। पुरुषमा ६ र महिलामा ५ स्पर्धा समावेश छन्। प्रत्येक स्पर्धामा पहिलो हुनेले ३० हजार, दोश्रोले १५ हजार र तेश्रो हुने दुई खेलाडीले समान ८-८ हजार नगद पुरस्कार पाउने छन्। टिममा पहिलो हुनेलाई १ लाख र दोश्रो हुनेलाई ५० हजार नगदबाट पुरस्कृत गरिने छ। उत्कृष्ट पुरुष/महिला खेलाडीले जनही २५ हजार नगद पुरस्कार प्राप्त गर्ने छन्।

उद्घाटनका अवसरमा १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा दोहोरो स्वर्ण जितेका आयशा शाक्य र मन्डेकाजी श्रेष्ठ, स्वर्ण विजेता विप्लवलाल श्रेष्ठ, रजत विजेता दिवस श्रेष्ठ, कांस्य विजेता विनोद शाक्य गुभाजु, मुकुन्द्र महर्जन र निकेश श्रेष्ठलाई सम्मान गरिएको थियो। आयशा तेक्वान्दो र निकेश उसुका हुन् भने बाँकी सबै करातेका हुन्। सोही अवसरमा सागमा प्रशिक्षकको भुमिका निभाएका करातेकाद्वय गंगाराम महर्जन र दीपक श्रेष्ठलाई पनि सम्मान गरिएको थियो।

# भेट्रान एट-ए अर्को सातादेखि




**पोखरा, मस–** पोखराको प्रतिष्ठित सामाजिक संस्था बगर भाईखलकले यहि माघ ६ देखि ११ गते सम्म पोखरा स्थित पुरानो टुँडीखेल मैदानमा आयोजनागर्ने 'तेश्रो स्व. रन्जित गुरुङ स्मृती तथा नवौं बगर भाइखलक भेट्रान एट-ए-साइड अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता'को सम्पूर्ण तयारी पुरा भएको छ। 'स्वास्थका लागि एक घण्टा व्यायाम, नागरिकहरुका लागी नौलो आयाम' भन्ने मूल नारालाई आत्मसात गर्दै संस्थाले विगत २०६८ साल देखि ४० बर्ष देखि ६५ बर्षको उमेर समूहका पाका खेलाडीहरु समेटेर भेट्रान फुटवल प्रतियोगीतामा आयोजना गर्दै आइरहेको छ।

नवौं संस्करणमा दुई विदेशी टिम सहित काठमाडौं, विरगन्ज, हेटौंढा, चितवन, वुटवल, कैलाली लगायत स्थानिय टिम गरी करिब २८ टिम भिड्ने छन। आठौं संस्करणको प्रतियोगीतामा ए.वि.सी., पोखराको टिम विजेता रहेको थियो। प्रतियोगितामा यस पटक पुरस्कार राशीमा १० हजार वृद्धी गरिएको छ। प्रतियोगिताको विजेता टिमले १ लाख ११ हजार रनिङ्ग शिल्ड, पदक र प्रमाणपत्र, उप विजेताले नगद ५५ हजार ५ सय ५५ ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गर्नेछ। त्यसै गरी यस वर्ष देखि सेमीफाइनल प्रवेश गर्ने प्रत्येक टिमलाई नगद १० हजार प्रोत्साहन स्वरुप प्रदान गर्ने संस्थाले जनाएको छ। त्यस्तै उत्कृष्ट गोलकिपर, उत्कृष्ट डिफेण्डर, उत्कृष्ट मिडफिल्डर र उत्कृष्ट फरवार्ड हुने खेलाडीलाई ट्रफी सहित जनही नगद ५ हजार प्रदान गरिने छ भने सर्वोत्कृष्ट खेलाडीलाई ट्रफी सहित नगद १० हजार दिइने छ।

त्यस्तै अनुशासित टिम, प्रतियोगितामा सहभागी सवै भन्दा जेष्ठ खेलाडीलाई सम्मान एवं हरेक खेलका म्यान अफ दि म्याच लाई बिशेष पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

प्रतियोगिताको उद्घाटन समारोहमा पूर्व अन्तर्राष्ट्रिय खेलाडी तथा प्रशिक्षक खड्क बहादुर रानाभाटलाई ताम्रपत्र एवं दोसल्ला सहित सम्मान गरिने बगर भाई खलकले जनाएको छ। प्रतियोगिता सम्पन्न गर्न १४ लाख ५० हजार खर्च लाग्ने र १७ लाख आम्दानी गरिने लक्ष्य रहेको संस्थाले जनाएको छ। स्व. रन्जित गुरुङका परिवार राजु गुरुङ्ग र विमला गुरुङ्ग, पदमराज गुरुङ्ग र सीता गुरुङ्ग, छोरी ज्वाइहरु मन्जु गुरुङ्ग र मेजर खुसीमान गुरुङ्ग (एम.भि.ओ) र जुली गुरुङ्ग थापा र राजु थापाले शंयूक्त रुपमा प्रतियोगितालाई मुख्य प्रायोजन गर्दै आएका छन्। यसैगरी प्रतियोगितालाई वगर भाइ खलक युकेले सह-प्रायोजन गर्ने भएको छ। वगर भाइ खलक युकेबाट प्रतियोगिताका लागि आकर्षक र स्तरिय मेडल र ट्रफीहरु सौजन्य स्वरुपरुपमा पठाउने छ।

# ब्याडमिन्टन सामग्री हस्तान्तरण




**काठमाडौं, मस–** जापानी सरकारको 'स्पोर्ट्स फर टुमरो' कार्यक्रमअन्तर्गत बुधबार निप्पन ब्याड्मिन्टन संघले नेपाल ब्याड्मिन्टन संघलाई खेल समाग्री उपलब्ध गराएको छ। जापानी राजदुतावासमा एक कार्यक्रमबीच जापानका परराष्ट्र मन्त्रालयका उपमन्त्री नोरिहिरो नाकायामाले बुधबार नेपाल ब्याड्मिन्टन संघका अध्यक्ष रामजीबहादुर श्रेष्ठलाई ब्याड्मिन्टन र्‍याकेट उपलब्ध गराए।

स्पोर्ट्स फर टुमरो, टोकियो ओलम्पिक्स र पारालम्पिक्स २०२० को प्रवर्द्धन परियोजना हो। यसअन्तर्गत जापान सरकारले सन् २०२० मा टोकियो ओलम्पिक सुरु हुँदा सम्म एक करोडभन्दा बढीलाई खेलमार्फत सहयोग गर्ने लक्ष्य लिएको छ।

# प्रथम नेपाल क्योकुशिन कान कराते प्रतियोगिता सम्पन्न

**पोखरा, रासस–** नेपाल क्योकुशिन कान कराते सङ्घ कास्की शाखाको आयोजनामा १९औं माछापुच्छ्रे गण्डकी प्रदेशस्तरीय फुल कन्ट्रयाक्ट तथा प्रथम नेपाल क्योकुशिन कान कराँते प्रतियोगिता सम्पन्न भएको छ।

'स्वास्थ्यका लागि खेलकूद, राष्ट्रका लागि खेलकूद' भन्ने नार ासहित यही पुस २९ गते पोखरा रङ्गशाला तथा ढुङ्गेसाँघुमा सम्पन्न प्रतियोगितामा पुरुषतर्फ २५ तौल समूहमा शालिन केसी प्रथम, सत्कार प्रत्येल द्वितीय, प्रमेश मगर र नसिब थापा मगर तृतीय भए। ३० केजी तौल समूहमा रोहन आचार्य प्रथम, अविशेक तामाङ द्वितीय, सोबिन प्रत्येल र प्रनिल श्रेष्ठ तृतीय भएका छन्। यसैगरी ३५ केजी तौल समूहमा रोशन गुरुङ प्रथम, रकान्त मगर द्वितीय, विद्यान घिमिरे र निशेष थापामगर तृतीय भए। ४० केजी तौल समूहमा राजन पोखरेल प्रथम, सुदीप तिमिल्सिना द्वितीय, आदित्य मल्ल र निराजन खत्री तृतीय भएका छन्। ४५ केज तौल समूहमा राजेश गौतम प्रथम, राजन विक द्वितीय, मिराज परियार र शीतल कुमाल तृतीय भएका छन्। ५० केजी तौल समूहमा युवराज गुरुङ प्रथम, सुमित सिग्देल द्वितीय, सम्राट सेन र सङ्गम श्रेष्ठ तृतीय भएका छन्। ५५ तौल समूहमा सुमन बराम प्रथम, दिपेश गुरुङ द्वितीय, अङ्कित गुरुङ र ह्मन मर्स्याङदी तृतीय भएका छन्।

खुला तौल समूहमा गोविन्द रोका प्रथम, सङ्गम गुरुङ द्वितीय, गणेश अधिकारी र नवराज गुरुङ तृतीय भए। महिलातर्फको खेलमा ४० केजी तौल समूहमा मातृका शाही प्रथम, ज्याक्सिना क्षेत्री द्वितीय, ललिता छत्याल र अंशु कार्की तृतीय भएका छन्।


## काठ /दाउरा वोलपत्रद्वारा लिलाम विक्रिको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०७६/१०/०३ गते

श्री बाँसघारी सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-१०, सुर्खेतको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको (ए) ग्रेडको साल गोलिया ३ थान ४०.६० क्यू.फिट, असना गोलिया काठ ६ थान ११२.६८ क्यू. फिट, (बी) ग्रेड साल गोलिया काठ २६ थान २६४.०९ क्यू.फिट, असना गोलिया काठ ३६ थान ३१०.८९ क्यू.फिट, (सी) ग्रेड साल गोलिया काठ ७६ थान ४११.९९ क्यू.फिट, जम्मा साल गोलिया काठ १०५ थान ७१६.६८ क्यू.फिट, असना गोलिया काठ जम्मा ४२ थान ४२३.५७ क्यू.फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-१०, सुर्खेतका सूचना पाटीमा टाँस गरिएको छ।

**श्री बाासघारी सामुदायिक वन उपभोक्ता समूह**
**पञ्चपुरी न.पा.-१०, सुर्खेत**

## काठ /दाउरा वोलपत्रद्वारा लिलाम विक्रिको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति : २०७६/१०/०३ गते

श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह पञ्चपुरी न.पा.-१०, सुर्खेतको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा राखिएको (ए) ग्रेडको सल्ले गोलिया ६ थान १०६.४२ क्यू.फिट, (बी) ग्रेड साल गोलिया काठ ८ थान ७३.१९ क्यू.फिट, असना गोलिया काठ २० थान १८१.६३ क्यू.फिट, सल्ले गोलिया ३० थान २१७.९९ क्यू.फिट, (सी) ग्रेड साल गोलिया काठ २७ थान ११३.३ क्यू.फिट, जम्मा साल गोलिया काठ ३८ थान १८६.४९ क्यू.फिट, असना गोलिया काठ जम्मा २० थान १८१.६३ क्यू.फिट, सल्ले गोलिया कुल ३६ थान ३२४.४१ क्यू.फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय पञ्चपुरी न.पा.-१०, सुर्खेतका सूचना पाटीमा टाँस गरिएको छ।

**श्री शान्ति सामुदायिक वन उपभोक्ता समूह**
**पञ्चपुरी न.पा.-१०, सुर्खेत**

वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६/१०/०३

यस कम्पनीको मिति २०७६/०९/०४ मा सम्पन्न एकल संचालकको निर्णय बमोजिम साविक कम्पनी **शिबभक्ति ह्याण्डिक्राफ्ट प्रा.लि. (प्रा.लि.नं. ११६५७७** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०९/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रियाज ह्याण्डिक्राफ्ट एण्ड कन्स्ट्रक्सन मेटेरीयल्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ।

नेपाल सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग
कारागार कार्यालय
विदुर नुवाकोट

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

(प्रथम पटक प्रकाशित २०७६।१०।०३ गते)

यस कार्यालयवाट मिति २०७६।०८।२६ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना वमोजिम यस कारागारका कैदीवन्दीहरुका लागि मिति २०७६ माघ १ गतेदेखि २०७७ पुस मसान्त सम्मका लागि सोना मन्सुली अरुवा (मोटा)चामल सप्लाइ कार्यको लागि दर्ता हुन आएका बोलपत्रहरु मध्ये मिति २०७६।०९।२९ गतेको मूल्यांकन समितिको निर्णय वमोजिम तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्बजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनका साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ आजैका मिति देखि सात दिने बोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धि यो सुचना सम्पूर्ण सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | बोलपत्र दाताको नाम | कबोल अंक मू.अ.क. कर बाहेक (खाद्यमा मू..अ.कर नलाग्ने) |
|---|---|---|---|
| १ | ठेक्का नं.१/२०७६।७७ सोना मन्सुली अरुवा (मोटा)चामल सप्लाइ सम्बन्धी कार्य | श्री कार्की खाद्य सप्लायर्स, विदुर न.पा.३, बट्टार, नुवाकोट | २३,८४,५८१।५० |

जेलर (शा.अ.)

# Kuwait मा रोजगारको अवसर

कम्पनी: VENTURE FOODS CO., Kuwait

पूर्व स्वीकृती मिति २०७६।१०।०२ | चलानी नं.६०१५०१४० | LT.No. 230894

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labour(Indoor) | 04 | काममा दक्ष | 80 | २९,८०४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cook | 03 | | 125 | ४६,५७०।- | | | | | | | |
| 3 | Cashier | 02 | | 150 | ५५,८८५।- | | | | | | | |
| 4 | Assistant Cook | 04 | | 110 | ४०,९८५।- | | | | | | | |
| 5 | Juice Maker | 01 | | 110 | ४०,९८५।- | | | | | | | |
| 6 | Waiter | 02 | | 100 | ३७,२६०।- | | | | | | | |
| 5 | Light Driver | 12 | | 120 | ४४,७१०।- | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले व्यहोर्ने रोजगारदाताले व्यहोर्ने | भीषा स्ट्याम्पिङ्ग शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले दिन | रोजगारदाताले व्यहोर्ने | कामदार आफै | बिमा हुने प्रिमियम रोजगारदाताले | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | कामदार आफैले | रु ७००/- कामदारले | रु १५,००/- कामदारले | रु १०,०००/ |

फाइनल अन्तर्वार्ता २०७६ माघ १० गते (24 Jan., 2020) मेनपावर कार्यालय सिनामंगलमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भइ जाने निश्चित भएपछिमात्र कम्पनीभा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगर बानेश्वरमा सम्पर्क राख्नु होला।

फोकस नेपाल ओभरसिज प्रा. लि.
श्रम इजाजत न. ७६८/०६५/०६६
सिनामंगल, काठमाण्डौ,फोन नं.:- ०१-४४७९२९७ र ४४८९०२८

# जस्तो सीप उस्तै रोजगार

मुख्य रुपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५२९, फ्याक्स: ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

## निर्यात सहजीकरणमा सरकारको सक्रियता

# नेपालको लागि पामको प्रतिवन्ध खुल्ने संकेत

मध्यान्ह संवाददाता
काठमाडौं, २ माघ



नेपालबाट निर्यात भइरहेको प्रशोधित पाम तेल लैजान भारत सकरात्मक देखिएको छ। २३ पुसमा भारतको वाणिज्य मन्त्रालयले पाम तेल प्रतिवन्धित बस्तुको सूचिमा राखेपछि सरकारले निकै कसरत गरिरहेको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्रोतका अनुसार केही कुरामा नेपालसँग प्रतिवद्धता लिएर भारत पाम खुलाउन करिब सहमत देखिएको छ। नेपाल उत्पादन नभए पनि सबैभन्दा ठूलो राजस्वको हिस्सा ओगटेको पाम तेलको निर्यातको बाटो खुलाउन सफलता नजिक रहेको वाणिज्य मन्त्रालयका अधिकारीहरुले बताएका छन् ।

नेपालले यस बीचमा औपचारिक वार्ता नगरे पनि थुप्रै अनौपचारिक छलफल गरेका मन्त्रालयका अधिकारीहरुले बताएका छन्। 'भारतसँग निरन्तर हामीले छलफल गरेका छौँ, यो छलफलमा नेपालले कच्चा पदार्थ कहाँबाट ल्याउछ भन्ने चाँसो भारतले देखाएको पाइएको छ ' मन्त्रालयका एक अधिकारीले भने 'सायद उसले मलेसियाबाट आउँछ कि आउँदैन भन्ने कुरा जान्न खोजेको पाइन्छ , हामीले त्यही कुरा बुझेर इन्डोनेशियाबाट आउने संकेत गरेका छौँ, भारत सकरात्मक देखिएको छ ।'

नेपालमा उत्पादित अन्य वस्तुको निर्यातमा हुने भन्सार अवरोध हटाउन सरकारले सहजीकरण नगरेको गुनासो निजी क्षेत्रले गरिरहेका बेला पाम तेलमा भने विशेष चासो देखाएको देखाएको भन्दै निजी क्षेत्रले खुसी व्यक्त गरेका छन्। पछिल्लो करिब दुई सातामा सरकारले नेपाल भित्रका एक दर्जन भन्दा बढी निकायसँग छलफल गरेको थियो। भारतसँग औपचारिक छलफल तयारी गरेको नेपालले अहिले अनौपचारिक छलफ गरिसकेको जनाएको छ ।

'पामको विषयमा मन्त्रालयले जुन किसिमको मिहिनेत गरेको छ, त्यसको फल केही दिनमै देखिनेमा हामी ढुक्क छौँ' मन्त्रालयका एक अधिकारीले भने । नेपालमा उत्पादित वस्तुहरुको निर्यात बढ्न नसकेको अवस्थामा तेस्रो मुलुकबाट आयात गरेर भारतमा निकासी भएको पाम तेलका कारण निकासीमा उल्लेख्य सुधार देखिएको थियो । यो अवस्थामा सरकार सक्रियताका साथ पामको प्रतिबन्ध खुलाउने प्रयासमा लागेको छ । भारतीय अवरोध हटाउन नेपाल सरकारले गरेको प्रयासबाट व्यवसायीहरु उत्साहित छन् । ' पाम तेलका विषयमा सरकारले देखाएको चासोबाट हामी निकै आशावादी भएका छौँ,' प्रशोधित पाम तेल निर्यात व्यवसायी सन्दीप गडियाले भने, 'हामी मात्रैको प्रयासले केही हुने थिएन होला, सरकार नै लागेपछि खुल्नेमा आश्वस्त छौँ, सरकारको मिहिनतले हामी उत्साहित पनि भएका छौँ ।'

पाम तेलको प्रशोधन लगायतका काममा करिब १० अर्ब रुपैयाँ निजी क्षेत्रको लगानी रहेको भन्दै व्यवसायीहरुले यति ठूलो रकम डुब्नबाट जोगाउन सरकारसँग आग्रह गरेका थिए । सरकार गत विहीबारबाट पाम तेलको विषयमा समाधानका लागि छलफल सुरु गरेको थियो। अहिले अन्य वस्तुको उत्पादन र निर्यात वृद्धि गर्न समस्या परेको अवस्थामा पाम तेलको निर्यातलाई सरकारले प्राथमिकता दिएको हो ।

चालु आर्थिक वर्षमा पाम तेलबाट मात्रै निर्यात वृद्धि भएको छ। पाँच महिनाको अवधिसम्म नेपालले १० अर्ब रुपैयाँको निर्यात वृद्धि गरेको छ । गत वर्षको पाँच महिनामा ३७ अर्ब रुपैयाँको निर्यात भएकोमा चालु आर्थिक वर्षको पाँच महिनामा ४७ अर्ब रुपैयाँको निर्यात भएको छ। सबै वृद्धिदर पाम तेलको कारण देखिएको छ। पाँच महिनाको अवधिमा गत वर्षको त्यही अवधिको तुलनामा ७५६ प्रतिशतले वृद्ध भइ १० अर्ब रुपैयाँ बढी देखिएको छ । गत वर्ष यस समयमा एक अर्ब ३४ करोड रुपैयाँको आयात भएकोमा चालु आर्थिक वर्षको पाँच महिना ११ अर्ब १५ करोड रुपैयाँको निर्यात भएको छ। आर्थिक वर्ष २०७४/७५ मा नगन्यरुपमा भएको पाम तेलको आयात अघिल्लो वर्ष आर्थिक वर्ष २०७५/७६ मा १० अर्ब ३३ करोड रुपैयाँको भएको थियो। पाम तेल चार देशबाट आयात गरेर नेपाले भारतमा मात्रै बेच्ने गरेको छ । नेपालबाट निकासी हुने वस्तुमा पाम पहिलो नम्बरमा छ भने नेपालमा सबैभन्दा बढी आयात हुने वस्तुमा पाम नै १२औं नम्बरमा रहेको छ ।

## गरिमा धानको बीउ नक्कली भएको पुष्टि



**चितवन/(रासस)**- गरिमा जातको बर्णशङ्कर धान लगाएका किसानले क्षतिपूर्तिका लागि बीउ बिक्रेताविरुद्ध मुद्दा लड्नुपर्ने भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरिमा धानमा बाला नलागेका विषयमा कारवाही गर्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई जिम्मा लगाएको थियो ।

धानको डिएनए परीक्षण गर्दा नक्कली पुष्टि भएपछि ठगी गरेको प्रमाणीत भएको छ । उपभोक्ता संरक्षण ऐन २०७५ बमोजिम बीउ बिक्रीकर्तालाई कारवाही गर्न मन्त्रालयले फाइल विभागमा पठाएको थियो । विभागका महानिर्देशक नेत्रप्रसाद सुवेदीका अनुसार मन्त्रालयबाट प्राप्त फाइलका बारेमा अध्ययन थालिएको छ । उहाँका अनुसार क्षतिपूर्तिका लागि कृषकले सम्बन्धित जिल्ला अदालतमा जानुपर्ने देखिएको छ ।

यसका लागि कसरी अघि बढ्ने भन्ने विषयमा मन्त्रालय, विभाग र बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रका बीचमा छलफल गरी टुङ्गोमा पुग्ने उहाँले जानकारी दिए । सुवेदीका अनुसार सम्भवत सम्बन्धित जिल्ला हेर्ने कृषि ज्ञान केन्द्रमार्फत समन्वय गरी मुद्दामा जान कृषकलाई सहयोग पुऱ्याइने छ । नेपालमा बीउ आयात गर्ने कम्पनी र बिक्रेतालाई ठगीविरुद्ध अदालती प्रक्रियामार्फत क्षतिपूर्ति दिलाउने र विभागले छुट्टै उनीहरुलाई कारवाहीसमेत गर्ने सुवेदीको भनाइ छ। नँका अनुसार शुरुमा १३ जिल्ला भनिएकामा ११ जिल्लामा सो जातको धान लगाइएको पुष्टि भएको छ ।

गत पुस ४ गते बसेको राष्ट्रिय बीउबिजन समितिको बैठकले बीउ आयातकर्तालाई उपभोक्ता संरक्षण ऐनअनुसार कारवाही गर्न मन्त्राललाई सिफारिस गरेको थियो। सोहीअनुसार मन्त्रालयले विभागमा पत्राचार गरेको हो । पत्रमा धानको क्षतिको मूल्याङ्कनसमेत गर्न अनुरोध गरिएको छ। धानमा बाला नलागेपछि सरकारले बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रका प्रमुख मदन थापाको संयोजकत्वमा क्षतिपूर्ति मूल्याङ्कन समिति गठन गरेको थियो। समितिले सम्बन्धित जिल्लामा अनुगमन गरि प्रतिवेदन बुझाइसकेको छ ।

सबै जिल्लामा गरी किसानको उत्पादन लागतका आधारमा रु १७ करोड र परिमाणका आधारमा २३ करोड क्षति सिफारिस गरिएको थियो । सोमध्ये चितवन र मकवानपुरमा जग्गाको उत्पादन क्षमताका आधारमा १० करोड ३७ लाख २९ हजार ४८४ र उत्पादन लागतका आधारमा रु सात करोड ३६ लाख ९१ हजार ३०० बराबरको क्षति मूल्याङ्कन गरिएको कृषि ज्ञान केन्द्र भरतपुरका प्रमुख राजन ढकालले जानकारी दिए ।

ढकालका अनुसार क्षतिपूर्तिको विवरणसहितको प्रतिवेदन गत मङ्सिर ६ गते कृषि सचिव युवकध्वज जीसीलाई बुझाइएको थियो । अहिले पुनः विभागलाई अध्ययन गर्न अनुरोध गरिएको हो । विसं २०७६ वैशाख ११ मा सुचित बीउबिजन पैठारी अनुमतिपत्र प्राप्त गरी सनराइज एग्रीकल्चर रिसर्च सेन्टर प्रालि लमही दाङले भारतको हैदरावादस्थित रिनोभा सिड साइन्स इण्डिया प्रालिबाट गरिमा जातका वर्णशङ्कर धानको जात आयात गरी नेपालका विभिन्न क्षेत्रमा बिक्री वितरण गरेको थियो ।

सो कम्पनीले गरिमा जातको ४० टन धानको बीउ आयात गर्ने अनुमति लिएको थियो । कम्पनीले ३४ टन मात्र भित्र्याएको र २३ टन बिक्री गरेको जनाएको छ । धान समयमा नपाकेपछि पछिल्लो बाली लगाउने कृषक बढी प्रभावित भएका ढकालले जानकारी दिए ।

सरकारले क्षतिपूर्ति दिलाउन समय लाग्ने भएपछि राहत दिनुपर्ने माग अघि बढेको छ। ढकालले भने 'कृषि मन्त्री कृषकको यो समस्याप्रति निकै सकारात्मक हुनु भएकाले के गर्न सक्छ सरकारले सहयोग गर्छ।' सबै जिल्ला अदालतमा फरक फरक मुद्दा दर्ता गर्दा टुङ्गो लाग्न समय लाग्ने भएकाले सजिलो विधि खोज्नुपर्ने सुझावसमेत विभागलाई दिइएको छ ।

## सिटी एक्सप्रेसद्धारा उत्कृष्ट अभिकर्तालाई पुरस्कार

**काठमाडौं/मस**-सिटी एक्सप्रेसले आफ्नो दसैं तिहार योजनामा उत्कृष्ट व्यवसाय अभिकर्तालाई पुरस्कार प्रदान गरेको छ । कम्पनीले भदौ १५ देखि पुस १५ सम्म सञ्चालन गरेको 'दसैं-तिहारमा उपहारको बहार' योजनामा उत्कृष्ट व्यवसाय गर्ने तीनजना व्यवसायीलाई टीभी प्रदान गरेको हो ।




कम्पनीले सो अवसरमा मनि ट्रान्सफर अभिकर्ताको वैकल्पिक आय आर्जनका लागि जीवन बीमाको अभिकर्ताको रुपमा समेत कार्य गर्ने अवसर प्रदान गरी बीमासम्बन्धि कार्यलाई प्रोत्साहन गरेको दाबी गरेको छ ।

पुरस्कृत हुनेमा काठमाडौंको ढल्कोस्थित फिनटेक सर्भिसेजका रबिन्द्र महर्जन, नेपालटारस्थित एभरसेफ मनि ट्रान्सफरका सरला अधिकारी र रानीबारीस्थित अक्सफोर्ड नेपाल मनि ट्रान्सफरका पिताम्बर सापकोटा रहेका छन्। महर्जनले ४३ इन्चको र अधिकारी र सापकोटाले ३२ इन्चको सामसङ स्मार्ट टिभी प्राप्त गरे । पुरस्कार रकम सिटी एक्सप्रेसका प्रबन्ध निर्देशक चन्द्र टन्डनले प्रदान गरे ।

## नेप्से १३ सय माथि

**काठमाडौं/मस**-शेयर बजार परिसूचक नेप्सेले १३ सय माथिको अंक भेटाएको छ। बिहीबार पुनः २६ अंकले उकालो लागेपछि पछिल्लो सात महिनाको उच्च विन्दु १३ सय १० मा पुगेको हो । गत जेठ २२ मा एक हजार ३१० अंकमा रहेको नेप्से परिसूचक ओरालो लागेर एक हजार १०९ को विन्दिसम्म झरेको थियो।तर पछिल्लो डेढ महिनामा दुई सय अंकले उकालो लागेपछि नेप्सेले बुधबार १३ सय १० को सूचि भटाएको हो ।

बिहीबार १८१ कम्पनीको १ अर्ब ६९ करोड ९९ लाख रुपैयाँभन्दा बढीको कारोबार भएको छ। ५० लाख २५ हजार ५६३ कित्ता सेयर खरिदबिक्री भएका छन । अन्य बाहेक कारोबार भएका सबै समूहका सूचक बढेका छन्। सबैभन्दा धेरै जीवन बिमा समूहको सूचक २४२.५८ अंकले बढेको छ। वाणिज्य बैंक समूह पनि १९.३८ अंकले माथि लागेको छ। खरिदबिक्रीमा हिमालयन डिष्टिलरी सबैभन्दा अघि छ । यसको पछिपछि शिवम् सिमेन्टस दौडिएको छ । हिमालयन डिष्टिलरीको १४ करोड ३८ लाख रुपैयाँभन्दा बढीको कारोबार हुँदा शिवमको १३ करोड ५९ लाख रुपैयाँभन्दा धेरैको खरिदबिक्री भएको छ । यस्तै, एनआइसी एसिया र प्रभु बैंक त्यसपछि क्रमशः कारोबार रकममा अघि रहेका छन्। अधिकांश बैंकहरुले ऋण नवीकरण गर्दा गत वर्षको भन्दा ब्याजदर घटाएको, शेयर धितो कर्जा प्रवाह गर्न पनि बैंकहरु थप उत्सुक भएको, सूचीकृत कम्पनीहरुको लाभांशदर वृद्धि भएको लगायतका कारणले शेयर बजारमा सकरात्मक प्रभाव पारेको छ ।

## 'गोएमएल' कडाइका साथ कार्यान्वयन गर्न राष्ट्र बैंक निर्देशन

**काठमाडौं/मस**- नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरुलाई अनिवार्य रूपमा सीमाभन्दा बढी र शंकास्पद कारोबारको विवरण विद्युतीय माध्यमबाट जानकारी गराउन पुन निर्देशन जारी गरेको छ । बैंकहरूले यस्तो विवरण राष्ट्र बैंकको वित्तीय जानकारी इकाइमा 'गोएमएल प्रोडक्सन इन्भारमेन्ट' बाट मात्रै पेस गर्न सक्ने व्यवस्था गरिएको छ। केन्द्रीय बैंकले यसअघि नै विद्युतीय प्रणालीबाट जानकारी गराउन निर्देशन जारी गरेको थियो। बिहीबार उक्त निर्देशनलाई कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिएको हो । यस प्रणालीको कार्यान्वयनले नेपालको सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय



लगानी नियन्त्रणमा प्रभावकारिता ल्याउने राष्ट्र बैंकले जनाएको छ । नेपालमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापममा वित्तीय लगानी भए नभएको विषयमा यसै वर्ष पारस्परिक मूल्याङ्कन गरिने भएको छ । उक्त मूल्याङ्कन सकारात्मक देखियोस् भनेर यस्तो प्रणाली कार्यान्वयनमा ल्याइएको राष्ट्र बैंकले जनाएको छ ।

हाललाई वाणिज्य बैंकहरू मात्रै कार्यान्वयन गरिए पनि आगामी आर्थिक वर्षदेखि अन्य बैंक तथा वित्तीय संस्थाहरुमा पनि यसलाई कार्यान्वयनमा ल्याइने राष्ट्र बैंकले जानकारी दिएको छ ।

## डेपुटी गर्भनर श्रेष्ठ निर्दोष

**काठमाडौं/मस**- नेपाल राष्ट्र बैंकका डेपुटी गर्भनर शिवराज श्रेष्ठमाथि लगाइएको आरोप पुष्टि हुन नसेपछि सफाइ पाएका छन् । अनियमितता गरेको आरोपमा छानविनमा परेका कारण श्रेष्ठ कात्तिक १८ गतेदेखि निलम्बनमा परेका थिए ।



सम्पत्ती शुद्धीकरण मा असहयोग गरेको र फर्जिबिल बनाएर अनियमितता गरेको लगायताका आरोप लगाएर उनीमाथि छानविन गरिएको र त्यसक्रममा गल्ती नपाइएको भन्दै सरकारले सफाइ दिएको हो ।

बिहीबार नेपाल सरकारका प्रवक्ता, सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बास्कोटाले श्रेष्ठमाथि छानबिन भएको र केही पनि नपाइएको भन्दै उनले सफाइ पाएको जानकारी गराएका हुन् । योसँगै डेपुटी गभर्नर श्रेष्ठलाई अब पुनर्बहाली भएर कामकाज गर्न बाटो खुला भएको छ ।

श्रेष्ठले राष्ट्र बैंकको नियमन विभाग हेर्दै आएका श्रेष्ठमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धानमा सरकारलाई असहयोग गरेको, अनियमित काम गरी आर्थिक लाभ लिएको लगायतका आरोप लागेका थिए । यस विषयमा अर्थ मन्त्रालयले छानविन गरी कारबाही गर्न भन्दै राष्ट्र बैंकलाई पत्राचार गरेको थियो । अर्थ मन्त्रालयको पत्राचारपछि श्रेष्ठमाथि छानविन गर्न भन्दै राष्ट्र बैंकले सञ्चालक समिति सदस्य श्रीराम पौड्यालको संयोजकत्वमा ३ सदस्यीय समिति गठन गरेको थियो । जसमा राष्ट्र बैंककै सञ्चालकहरु सुवोधकुमार कर्ण र रामजी रेग्मी रहेका थिए ।

## कुमारी बैंकले देव विकासलाई प्राप्ती गर्ने

**काठमाडौं/मस**-कुमारी बैंक लिमिटेडले देव विकास बैंक लिमिटेडलाई प्राप्ती गर्ने भएको छ। प्राप्तीको लागि एक औपचारिक कार्याक्रमका बीच सम्झौताका हस्ताक्षर भएको कुमारी बैंकले जनाएको छ ।




बुधबार नागपोखरीस्थित काठमाडौं मेरिओट होटेलमा दुई पक्षीय सम्झौता भएको थियो। उक्त प्राप्तिका लागि समझदारीपत्रमा (एमोयू) कुमारी बैंक लिमिटेड र देव विकास बैंक लिमिटेडका तर्फबाट बैंकका संचालक समितिका सदस्य एवं मर्जर समितिका संयोजकद्वय क्रमशः कृष्ण प्रसाद ज्ञवाली तथा भरत बहादुर हमालले हस्ताक्षर गरेका हुन् । समारोह दुवै बैंकका अध्यक्ष, संचालक समितिका सदस्य, प्रमुख कार्यकारी अधिकृत लगायत बैंकका उच्च व्यवस्थापनका पधादिकारीहरूमाझ सम्पन्न भएको छ। यस पश्चात् बैंकको चुक्ता पूँजी १२ अर्ब ५० करोड भन्दा बढी, निक्षेप १२० अर्ब तथा ऋण लगानी १०५ अर्ब भन्दा अधिक हुने भएको छ । यसैगरी, बैंकको शाखा संजाल २०० भन्दा अधिक हुने भएको छ ।

बैंकको आन्तरिक वित्तिय, मानव संसोधन, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि हुनुका साथै राष्ट्रिय बैंकिङ तथा वित्तीय प्रणालीको सम्बर्धन भई सोप्रति सर्वसाधारणको विश्वसनीयतामा अभिवृद्धि पुग्नेमा विश्वस्त रहेको बैंकले जनाएको छ।

## सिटिजन्स बैंकद्धारा कम्वल वितरण

**काठमाडौं/मस**- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सिरहा जिल्लाको भवानीपुर गाउँपालिकाको ठाडी टोल र नहरा टोल र लक्ष्मीपुर पटारी गाउँपालिकाका विपन्न निःसहाय व्यक्तिहरुलाई कम्बल वितरण गरेको छ । न्यानो कपडाको अभावमा कष्टकर जिवनयापन गरिरहेका गरिब, सिमान्तकृत तथा निःसहाय व्यक्तिहरुलाई सानो पाईला नामक गैर सहकारी संस्थासँगको सहकार्यमा बैंकले सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत १५० थान कम्बल वितरण गरेको छ ।



उक्त कार्यक्रममा सरोकारवालाको बाक्लो उपस्थिति रहेको थियो । केही दिन यता लगातार शीतलहर चल्दा गरिब तथा अति विपन्न परिवारलाई असहज भइरहेको अवस्थामा बैंकले कम्बल वितरण गरेपछि उनीहरुले राहतको महसुस गरेका छन् । शीतलहर र चिसोका कारण प्रत्येक वर्ष तराईमा स्थानीयले कठ्याङ्ग्रिएर अकालमै ज्यान गुमाउने अवस्थाको अन्त्य गर्न यो कार्यक्रम संचालन गरिएको कुरा बैंकले जनाएको छ। चिसोका कारण कसैले पनि अकालमै ज्यान गुमाउन नपरोस् भन्ने उदेश्यका साथ विपन्न परिवारलाई बैंकले कम्बल वितरण गरेको हो । अब आउने निकट भविष्यमा बैंकले संस्थागत सामाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत सामाजिक, आर्थिक,सांस्कृतिक,शैक्षिक आदि जस्ता क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउनका निम्ति विभिन्न कार्यक्रम संचालन गर्ने कुरा बैंकले जानकारी दिएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना ८५ वटा शाखा, ८६ वटा ए.टि.एम. र १०३ वटा शाखा रहित बैंकिङ एकाईहरुबाट करिव पाँच लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ सेवाहरु प्रदान गर्दै आएको छ ।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रिएकाछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुविधाहरु
• कम्प्युटर / प्रिन्टर / फोटोकपी आदि खरीद, बिक्रि तथा मर्मत,
• टोनर कार्टेज रिफिल,
• CCTV, EPABX बिक्रि तथा मर्मत,
• अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
• कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको वार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
ग्यालक्सि डिलक्स : लालबन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ